
# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



कार्तिक पूर्णिमा

भिक्षु अश्वघोषबाट प्रदत्त स्वयम्भू चैत्यको उपहार ग्रहण गर्नुहुँदै चिनिया भिक्षु माष्टर शिन युन (माथि)
हालै क्यानडामा सम्पन्न पाँचौं अन्तर्राष्ट्रिय विहार सेमिनारको एक झलक

वर्ष- १६ अङ्क- ७ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

## दिवंगत संघनायक शाक्यानन्द भन्तेको गुणानुस्मरण गरियो

तानसेन पाल्पा, २८ अश्विन २०५५ । दिवंगत संघनायक भिक्षु शाक्यानन्द महास्थविरको वार्षिक पुण्य तिथिका दिन विभिन्न कार्यक्रमहरू मनाइयो ।

महाचैत्य विहार टक्सारमा ज्ञानमाला सभा, बौद्ध महिला आजीवन दायक समिति र युवब बौद्ध मण्डल शाखाको संयुक्त आयोजनामा विहान बुद्धपूजा त्यसपछि सभाका अध्यक्ष कृष्णप्रसाद शाक्य र सुश्री सुमना शाक्यहरूले दिवंगत संघनायक भन्तेको जीवनी बारे प्रकाश पार्नु भयो ।

साँझ ज्ञानमाला भजन सहित दीपयात्रा गर्दै विभिन्न बौद्ध विहारहरूमा गई शान्ति कामना गरिने क्रममा महाचैत्य विहार स्थित युवक बौद्ध मण्डलका अध्यक्ष दिलबहादुर शाक्यबाट उपस्थित सकल उपासक-उपासिकाहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो । ■

## नयाँ भवनको उद्‌घाटन

२०५५ कार्तिक २ गते । ललितपुर, ठेचो स्थित वेलुवनारामको नयाँ भवन ललितपुर प्रमुख बुद्धिराज वज्राचार्यद्वारा समुद्‌घाटन गरिएको कार्यक्रममा उहाँले प्रत्येक विहारमा एक जना भिक्षु बसी धर्मप्रचार कार्य गर्नुपर्ने सुझाव व्यक्त गर्ने क्रममा आफूले विहारको लागि नगर पालिकाको तर्फबाट रु. २५०००/– रकम सहयोग स्वरूप प्रदान गर्ने घोषणा पनि गर्नुभयो ।

विहार निर्माणका सम्बन्धमा भिक्षु कालुदायीले प्रकाश पार्नु भएपछि भिक्षु अश्वघोष, सुरेन्द्र शाक्य र श्याम महर्जन आदिले आ-आफ्नो मन्तव्य प्रकट गर्नु भयो । वेलुवन विहार दायक परिषदका अध्यक्षको सभापतित्त्वमा सम्पन्न भएको उक्त समारोहमा उपस्थित हुनुभएका सबैलाई विहारका उपासक उपासिकाहरूको तर्फबाट जलपान - भोजनको प्रबन्ध मिलाइएको समाचार प्राप्त भएको छ । ■

***क्यानडामा भएको पाँचौं अर्न्तराष्ट्रिय विहार सेमिनारमा भाग लिन जानुहुने प्रधान सम्पादक भिक्षु अश्वघोषले चिनिया मास्टर शिन युनद्वारा प्रदत्त धर्मोपाहार ग्रहण गर्नुहुँदै (यसबारे विस्तृत समाचार पेज २२ मा हेर्नुहोला ।)***



## विषय-सूचि


धम्मपद-११३ ..... २
संयुक्त निकाय ..... ३
त्रिपिटक वाङ्मय चिनारी (सूत्रपिटक-दीघनिकाय)-३, ब्रह्मजाल-सुत्त (क-१) ..... ५
गौतम बुद्ध ..... ७
मायाँ गर ..... ७
बौद्ध दर्शनमा छ दिशाको महत्व ..... ८
भोक र पीडा ..... १०
नक्कली देवता र नक्कली मन्त्री ..... १२
बौद्ध शिक्षा ..... १३
धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं-७ ..... १४
पञ्चशीलमा आधारित ..... १४
**Fellow Dhamma-followers:** *Today's talk is entitled, "Dhamma Principles for Students"* . . 15
धर्मकीर्ति गतिविधि ..... १६
अध्यात्मिक धन ..... १७
धर्म प्रचार समाचार ..... १८
छलफल ..... २४
त्रिशरण ..... २५


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
**ज्ञानेन्द्र महर्जन**

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन- २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४२
नेपालसम्वत् १११९
इस्वीसम्वत् १९९८
बिक्रमसम्वत् २०५५

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |

DHARMAKIRTI

# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
A BUDDHIST MONTHLY

November 1998

| वर्ष- १६ | अङ्क- ७ | सकिमिलापुन्ही | २०५५ |
|---|---|---|---|




★ **"चरथभिक्खवे चारिकं बहुजन हिताय बहुजन सुखाय, लोकानुकम्पाय अत्थाय हिताय सुखाय देवमनुस्सानं"**

**अर्थ- "भिक्षुहरू ! बहुजन हितको लागि बहुजन सुखको लागि, विश्वमाथि दयाको लागि, देव र मनुष्यहरूको हित सुख र कामको लागि (धर्म) संचार गर ।"**

★★★

★ **आफ्नो भरोसा तिमी आफैं हौ, अरू कोही तिम्रो मालिक (भविष्य निर्माता) हुने छैन ।**

★★★

★ **मूर्खहरूसंगत गर्नु भन्दा एक्लै बस्नु जाती ।**

Downloaded from http://www.dhamma.digital

# धम्मपद-११३

✍ रीना तुलाधर

"यो दण्डेन अण्डेसुद - अप्पदुट्ठेसु दुस्सति
दसन्न मञ्ञतरं ठानं - खिप्पमेव निगच्छति"
"वेदनं फरुसं जानिं - सरीरस्स च भेदनं
गरुक वा' पि आबाधं - चित्तक्खेपं व पापुणे"
"राजतो वा उपस्सग्गं - अब्भक्खानं' व दारुणं।
परिक्खयं' व ञातीनं - भोगानं व पभंगुरं।"
"अथ व' स्स अगारानि - अग्गि डहति पावको
कायस्स भेदा दुप्पञ्ञो - निरयं सो पपज्जति।"

अर्थ:- दण्ड पाउन नपर्नेलाई दण्ड दिने वा दोष नभएकोलाई दोषारोपन गर्ने व्यक्तिलाई निम्न दश प्रकारको दु:ख नभई छोड्दैन। - (१) कपाल दु:ख्ने आदि सही नसक्ने रोग हुन्छ। (२) भएको सम्पत्ति विनाश हुन्छ। (३) अंग हीन हुन्छ। (४) ठूल-ठूलो रोग हुन्छ। (५) पागल हुन्छ, (६) राजा महाराजाद्वारा दण्डादिको भय हुन्छ। (७) भए नभएको कुराद्वारा ठूलो निन्दा उपहास हुन्छ। (८) आफन्तहरू विनाश भएर जान्छन्। (९) भएको भोगादि सम्पत्ति विनाश हुन्छ। (१०) घरमा आगो लाग्छ, मरण पछि नर्कमा उत्पन्न हुन्छ।

घटना:- भगवान बुद्ध वेलुवनमा रहनु भएको बेलामा तीर्थंकरहरूले पाँचसय चोरहरूलाई पठाएर महामौद्गल्यायन स्थविरलाई कालशिला पर्वतको एउटा गुफामा मार्न लगाए। स्थविरको यसरी निर्ममपूर्वक हत्या भएको समाचार जब राजा अजातशत्रुले पाए, तब उनले मान्छे खटाएर ती पाँचसय चोरहरू र नगर भरिका सबै तीर्थंकरहरूलाई पक्राए। तिनीहरूलाई पनि खाल्डोमा गाडेर जिउँदै जलाए।

यसै सम्बन्धमा विहारमा भिक्षुहरूको बिच सभाहलमा कुरा भयो। महामौदगल्यायन स्थविर जस्तो व्यक्तिको यस्तो निर्मम हत्या नहुनुपर्थ्यो। उहाँको मृत्यु यसरी हुनु पर्ने थिएन। भिक्षुहरूको यी कुराहरू सुनेपछि भगवान बुद्धले भन्नुभयो - "भिक्षुहरू हो ! महामौदगल्यायनको वर्तमान जीवनलाई मात्रै हेर्ने हो भने साँच्चै नै उसले नपाउनु पर्ने खालको मृत्यु पायो। तर वास्तवमा उसले पूर्वकालको एक जन्ममा गरेको पापको फलस्वरुप उसले वास्तवमा पाउनु पर्ने खालको मृत्यु नै पायो।" यस सम्बन्धमा भिक्षुहरूले महामौदगल्यायन स्थविरको पूर्वजन्मको कथा सुन्न आग्रह गरेपछि भगवान बुद्धले सुनाउनु भयो।

धेरै समय अगाडि एउटा आज्ञाकारी कुलपुत्र भएर ऊ जन्मेको थियो। उसले आफ्ना बृद्ध आमा बाबु, जो अन्धा पनि थिए, उनीहरूको अति राम्रो सेवा गरेर बसेको थियो। आमाबाबुले चाहिं आफ्नो एक्लो छोरालाई धेरै नै घरको कामको बोझ भयो भनेर छोराचाहिँले कति नमान्दा पनि कर गरेर एउटी स्वास्नी बिहे गरिदिए। केही दिन बुहारीचाहिँ असल नै थिई। घरको कामकाज राम्रै गर्थि। पछि भएपछि बुहारीलाई बृद्ध सासु-ससुराको सेवा गर्न गाऱ्हो लाग्यो र अनेकौं निहूँ बनाएर लोग्नेलाई चुक्ली गर्न लाग्यो। लोग्नेले स्वास्नीको कुरै सुनेन। आखिरमा एकदिन बुहारीले आफैले घरभरि फोहर छरेर बुढा बुढीले गरेको भनिन् र "अब त म सहन सक्तिन घर छोडेर जाने भनी धम्की लगाइन्। कुलपुत्र पनि बुद्धिहीन भएर स्वास्नीको कुरा पत्याए। आफ्ना आमाबाबुलाई जंगलमा लगेर मार्ने षडयन्त्र गरे। टाढाको ठाउँको आफ्ना आफन्तलाई भेट्न जाने भनी फकाएर बृद्ध आमा बाबुलाई लिएर हिंडे। एक ठाउँमा बयल गाडी रोकेर यहिँ चोरहरू लुकेर बस्ने हो तपाईहरू एकछिन बस्नुस्।" भनेर आफू हिँडे। आफैले चोरहरू आएको जस्तो आवाज निकाले। अन्धा आमाबाबुले चोरहरू आएको भनी ठानी- "छोरो तिमी यहाँ नआउनु। तिमी बच। हामी बुढाबुढीहरूको माया नगर भनी चिच्याउँदै कराए। छोराको लागि यस्तो मैत्रीपूर्वक कराउने आमाबाबुलाई उसले चोरहरूले मारेको जस्तै गरी निर्ममपूर्वक कुट्दै मारेर त्यहिं जंगलमा फालेर आफू फर्क्यो। भगवान बुद्धले फेरि भन्नु भयो "यो पापको कारणले अनेकौं वर्ष नरक भोग गरेर अनेकौं जन्म कुटाई खाँदै मरेर आईसकेका आज यस्ता स्थविर भएपनि आफ्नो विपाक भोग्न सिद्धिएको छैन र यसरी मृत्यु हुनु भयो।" यस प्रकार पाप कर्मको भयंकर फललाई देखाएर भगवान बुद्धले उपदेश दिनु भयो र उपरोक्त गाथाहरू भन्नुभयो। ■

*"आर्यमार्ग (=असल मार्ग)अनुशरण गर्नु भनेको अँध्यारोकोठामा ज्योति हातमा लिएर पस्नु सरह हो।" - बुद्ध*


Downloaded from http://www.dhamma.digital

# संयुक्त निकाय

- भिक्षु ज. काश्यप
- भिक्षु धर्मरक्षित
- अनु. बीर्यवती

### ४. अच्चेन्ति सुत्त (१.१.४)
### सांसारिक भोगलाई त्याग गर्ने

श्रावस्तीमा

त्यस देवताले भगवान समक्ष यस गाथा ब्यक्त गऱ्यो:

समय वितिरहेको छ, रात वितिराखेको छ,
जिन्दगीको जमाना एक पछि अर्को गइरहेको छ;
मृत्युको यस भयलाई देखेर।
सुख दिने पुण्यहरू गर।

भगवान-

समय वितिरहेको छ, रात वितिराखेको छ;
जिन्दगीको जमाना एक पछि अर्को गइरहेको छ;
मृत्युको यस भयलाई देखेर,
शान्ति चाहने मानिसले सांसारिक विलासितालाई त्याग।

### ५. कतिछिन्द सुत्त (१.१.५)
### पाँचवटालाई काट्ने

श्रावस्तीमा

त्यस देवताले भगवान समक्ष यस गाथा ब्यक्त गऱ्यो:

(पाप) कतिवटालाई काट्ने, कतिवटालाई छोड्ने ?
अरू बढि कतिवटा धर्मलाई अभ्यास गर्ने ?
कतिवटा बन्धनहरू (सङ्गमहरू)लाई पार गरिसकेको भिक्षुलाई बाढी पार गरिसकेको भिक्षु भनिन्छ होला ?

भगवान-

पाँचवटालाई काट्ने, पाँचवटालाई छोड्ने
अरु बढि (उपरिमसंयोजन) पाँचवटाको अभ्यास गर्ने,
पाँचवटा संयोजनहरू लाई पार गर्ने भिक्षु●
लाई "बाढी पार गरिसकेको भिक्षु" भनिन्छ।

### ६.जागर सुत्त (१.१.६)
### पाँचवटा शुद्धि

श्रावस्तीमा

त्यस देवताले भगवान् समक्ष गई यस गाथा ब्यक्त गऱ्यो :-

जागृत रहनेहरू मध्ये कतिजना सुतिराखेका छन् ?
सुतिराख्ने ब्यक्तिहरू मध्ये कतिजना जागृत रहेका छन् ?
कतिवटाबाट मयल (फोहर) लाग्छ ?
कतिवटाबाट परिशुद्ध होइन्छ ?

भगवान्-

जागृत रहनेहरू मध्ये - पाँचजवान सुतिराखेका छन्,
सुति राख्नेहरू मध्ये पाँच जवान जागृत रहेका छन्,
पाँचवटाबाट मयल (फोहर) लाग्छ,
श्रद्धाइन्द्रिय आदि पाँच वटाले परिशुद्ध होइन्छ।
पाँचवटाबाट परिशुद्ध होइन्छ◆

### ७. अप्पटिविदित सुत्त (१.१.७)
### सर्वज्ञ बुद्ध

त्यस देवताले भगवान् समक्ष यस गाथा प्रस्तुत गऱ्यो:

जसले धर्मलाई (आर्य सत्य) जानेको छैन,
जो अरूहरूको जथाभावी मतको लहलहैमा लागेर बहकिएका छन्,
सुतिराखेका उनीहरू जागृत छैनन्,
अब उनीहरू जागृत हुने समय आइसकेको छ॥

---

● पाँचवटा अवर - भागीय बन्धन (संयोजन) लाई काट्ने, पाँचवटा अर्ध्व - भागीय बन्धनलाई छोड्ने, यहाँ काट्नु र छोड्नुको अर्थ एकै हो।
"श्रद्धा आदि पाँचवटा इन्द्रियहरूको अभ्यास गर्ने। पाँचवटा संयोजन (सङ्गमहरू) यी हुन् - "राग, द्वेष, मोह, मान, दिट्ठि" - अट्ठकथा।

◆ श्रद्धा आदि पाँचवटा इन्द्रियहरू जागृत रहेको अवस्थामा पाँचवटा नीवरणहरू सुतिरहन्छ ... यही तरिकाले, पाँचवटा नीवरण सुतिरहेको अवस्थामा इन्द्रियहरू जागृत (सचेत) रहन्छ "पाँचवटा नीवरणहरू (कामच्छन्द, ब्यापाद, थिनमिद्ध, उद्धच्च कुकुच्च, विचिक्छिा) बाट मयल लाग्छ। ... पाँच वटा इन्द्रियहरू (श्रद्धा, वीर्य, प्रज्ञा, स्मृति, समाधि) बाट परिशुद्ध होइन्छ।" - अट्ठकथा।



Downloaded from http://www.dhamma.digital

भगवान् -

जसले धर्मलाई पूरा पूरा जानिसकेको छ,
जो जथाभावी मतमा लाग्दैनन् र बहकिंदैनन् ।
उनीहरू सम्बुद्ध हुन्, उनीहरूले सबै जानेका हुन्छन्,
विषम स्थानमा पनि उनीहरूको आचरण सम
(अविचलित) रहेको हुन्छ ।

**८. सुसम्मुद्ध सुत्त (१.१.८)**

**सर्वज्ञ बुद्ध**

त्यस देवताले भगवानको समिप गएर यस गाथा प्रस्तुत गऱ्यो:

जो धर्म विषयमा विल्कुल अन्जान मूर्ख छ,
जथाभावी मतमा परी बहकिने गर्छ ।
सुतिराखेको उ जागृत हुँदैन,
उसको जागृत हुने समय अव आइसकेको छ ॥

भगवान्-

जो धर्म विषयमा अन्जान मूर्ख छैन,
जथाभावी मतमा परी बहकिने गर्दैन ॥
उ सम्बुद्ध हो, सबैकुरा उसले जानेको हुन्छ,
विषम स्थानमा पनि उनको आचरण सम
(अविचलित) रहेको हुन्छ

**९. नमानकाम सुत्त (१.१.९)**

**मृत्युको राज्यबाट पार**

त्यस देवताले भगवान समक्ष गई यस गाथा भन्यो:

अभिमान गर्न चाहने मानिसले आफूलाई
दमन गर्न सक्दैन,
समाधिस्थ नभइकन चार आर्य मार्गको ज्ञान पनि
प्राप्त गर्न सक्दैन,
जंगलमा एक्लै प्रमादी (बेहोशी) भई जीविका
गर्ने त्यस व्यक्तिले,
मृत्युको राज्यलाई पार गर्न सक्दैन ॥

भगवान् -

मानलाई त्यागी, राम्ररी समाधिस्थ हुने
प्रसन्न चित्त भएको व्यक्ति सधैं विमुक्त हुनेछ,
जंगलमा एक्लै सावधान वनी रहन सक्ने
त्यस व्यक्तिले मृत्युको राज्यलाई पार गरेर जानेछ ।

**१०. अरञ्ञ सुत्त (१.१.१०)**

**अनुहार हँसिलो रहनेछ**

त्यस देवताले भगवानको समिप गएर यस गाथा प्रस्तुत गऱ्यो:

जंगलमा रहने, शान्त, ब्रह्मचारी
तथा एक पटक मात्र भोजन गर्ने व्यक्तिको अनुहार
कसरी हँसिलो, तेजिलो रहने छ ?

भगवान् -

वितिसकेका विषयलाई लिएर उसले शोक गर्दैन,
आउन लागेका (भविष्य) विषयलाई लिएर उसले
मनगढन्ते भावना (आशा, अभिलाषा) राख्दैन,
जो मौजूदा (वर्तमान) अवस्थामा घटिरहेको घटना छ,
त्यही परिस्थितिसंग उसले राम्रो चित्त लगाई गुजारा गर्छ,
यस कार्यबाट नै उसको मुख मण्डल उज्यालो र हँसिलो हुने गर्छ ॥

जसले आउन लागेको (भविष्य) लाई लिएर मनगढन्ते मनसुवा
(आषा अभिलाषा) राखी, वितिसकेका घटनालाई लिई शोक गर्दछ,
त्यस्ता मूर्खहरू फितलो र फीका भइरहनेछ,
हरियो नरकट काट्दा खेरि जसरी फीका भइन्छ,
त्यसरी नै । ■

**-: लोक नीति :-**

**"क्रोधी मानिसलाई सहनशीलता देखाई, असत्पुरुषलाई सद्पुरुष-भाव देखाई, कप्टी मानिसलाई दान र त्यागको उदारता देखाई, असत्य-झूठ कुरा गर्नेलाई सत्य कुरा गरी जित्नुपर्दछ ।"**

*"मन नियन्त्रणमा छ र सही मार्गमा राखेको छ भने लोभको कुनै हिलोले उसको बाटो छेक्नेछैन र सबै दुःख बिलाएर जान्छन् ।" - बुद्ध*



Downloaded from http://www.dhamma.digital

# ब्रह्मजाल-सुत्त (क-१)

✍ कोण्डन्य, संघाराम

सुत्तपिटक अन्तर्गत दीघनिकायको सीलक्खन्धन वग्ग (शील लक्षण वर्ग) को प्रथम आरम्भिक सूत्र- 'ब्रह्मजाल सूत्र' हो । यस निकायको यस सूत्र सर्वाधिक महत्त्वपूर्ण सूत्रका रूपमा प्रचलित भएको पाइन्छ । यस्मा बुद्धकालीन ६२ वटा विभिन्न प्रकारका दार्शनिक सिद्धान्त-मतका बारेमा विवेचना गरिएका छन् । यी सिद्धान्तहरूलाई मिथ्यादृष्टिको संज्ञा दिइएका छन् । तात्कालीन धार्मिक एवं सामाजिक जीवनलाई यस सूत्रमा चित्रण गरिएको पाइन्छ । यसरीनै जीवन यापनका साधन, आमोद-प्रमोदको सौन्दर्य सामग्री, युद्धका प्रकारादि विषयहरूका सम्वन्धमा पनि राम्ररी वर्णन गरिएका छन् । अब ब्रह्मजाल सूत्र सम्बन्धि विषयगत पक्षलाई बुझ्नेतर्फ लागौं ।

भगवान शास्ता (बुद्ध) आफ्ना शिष्य भिक्षुगणका साथ राजगृह र नालन्दाको मध्यभागमा अवस्थित राजपथ हुँदै चारिका गर्दै अघि बढ्दै हुनुहुन्थ्यो, सोही बेला परिव्राजक सुप्पियले आफ्ना शिष्य ब्रह्मदत्तसंग हिंड्दै बुद्ध, धर्म र संघको निन्दा-उपहास गर्दै जान्छ, तर शिष्यले भने ठीक उल्टो काम-प्रशंसा गर्छ । यसै बारेमा बुद्धका शिष्यहरू बीच कुराकानी चल्छ ।

बुद्धले आफ्ना शिष्य-भिक्षुहरूलाई यसबारे कुरा उठाई आज्ञा हुन्छ- "अरूले मलाई, धर्मलाई वा संघलाई निन्दाचर्चा गर्दैमा उनीहरूप्रति क्रोध (रिस) भाव नराख, असन्तोष वा मनमा नरमाइलोपनाको महशूस नगर । बरू त्यस्को कारण, सत्य-असत्यलाई छानवीन गर्ने तर्फ ध्यान केन्द्रित गर ।" यसपछि बुद्धले शील (सदाचार) लाई विभाजन गर्नुहुँदै चूल शील (प्रारम्भिक), मध्यशील तथा महाशील गरी तीनवटा शील-भूमिको विवरण प्रष्ट पार्नुभयो । जस अनुसार चूल शील अन्तर्गत अदत्तादान-त्याग (चोरी वा नदिइकन नलिनु), व्यभिचार-त्याग कठोर भाषण-त्याग, चापलुसी-त्याग, हिंसा-त्याग, मध्यशील अन्तर्गत चीजबस्तु बढी संग्रह नगर्ने (भौतिक), जुवारे बार मासे खेल-त्याग, ऐशारामयुक्त आसन-त्याग, सजावट (कृत्रिम सौन्दर्य) को त्याग, राजकथा, चोरकथा आदि ब्यर्थ कथाहरूको त्याग, काम-कुरो नहुने-नबन्ने बहस-त्याग, राजा आदिहरूका दूतको कार्य नगर्ने, पाखंडी नहुने, आफूमा नभएको गुण भएको जस्तैगरी कुरागर्दै जाने स्वभाव आदि त्याग गर्नुपर्छ भनी बुद्धले आज्ञा गर्नुभयो ।

यसपछि बुद्धले (प्राग्बुद्धकालीन) तथाकथित ६२ प्रकारका दार्शनिक मत-सिद्धान्तहरूको विवेचना गर्नुहुँदै त्यस्का व्यर्थता एवं असारताका बारे आफ्ना शिष्य भिक्षुहरूलाई प्रकाश गरीराखे अनुसार दुई किसिमका मतावलम्बीहरू रहेका छन् । क) पूर्वान्तकल्पिक वा विगतमा घटित घटनाहरूको आधारमा निश्कर्ष निकाली निर्माण गरेका सिद्धान्त (यिनीहरूले १८ वटा धारणालाई ५ वटा मतमा सीमित गरि राखेका छन् ।) (ख) अपरान्तकल्पिक वा भोलि भविष्यमा हुने कुराहरूको कल्पना गरी निर्माण गरिएको मत (यिनीहरूले ४४ वटा धारणालाई छ वटै मतमा सीमित गरिराखेको) हुन् ।

**(क) विगतमा घटित घटनाहरूको आधारको निश्कर्षबाट निर्मित सिद्धान्त (पूर्वान्तकल्पिक) यस प्रकार छन् :-**

(१) शाश्वतबाद = आत्मा अमर हो भन्ने चारथरीका शाश्वतवादीहरू ।

(२) नित्यता-अनित्यवाद = ईश्वर अमर हुन्, हामी मात्रै नाशवान हौं भन्ने पाँचथरीका आंशिक शाश्वतवादी ।

(३) सान्त-अनन्तवाद = लोक (संसार)को विषयमा कल्पना गर्ने चारथरीका अन्त-अनन्तवादीहरू ।

(४) अमराविक्षेपवाद = कुन हो, कुन होइन भन्ने कुरामा अन्यौलमा परी यहीनै हो भन्ने निश्चित

*"भिक्षुहरू ! मैले देशना गरेको धर्म विनय जति खुला रूपले प्रचार गर्न सकिन्छ त्यति नै चम्किराख्ने छ; गोप्य राखेमा चम्किराख्ने छैन !" - बुद्ध (तिक निपात)*



Downloaded from http://www.dhamma.digital

रूपमा सिद्धान्त नबुझेका चारथरीका अमराविक्षेपवादीहरू (अनेकान्तवादी)।

(५) अकारणवाद = आत्मा र लोक भन्ने कुरा विना कारणले नै श्रृजना भएका हुन् भन्ने दुई थरीका अकारणवादीहरू (अधिच्चसमुपवाद)।

**(ख) भविष्यमा हुने कुराको पहिल्यै कल्पनाबाट निर्मित मत (अपरान्तकल्पिक) यस प्रकार छन् :-**

१) उद्धमाधातनिका संज्ञावाद = मरणान्तर वा मृत्युपश्चात पनि आत्मा संज्ञी (होशपूर्ण) भइरहन्छ भन्ने १६ थरिका उद्धमाधातनिका संज्ञावादीहरू।

२) उद्धमाधातनिका असंज्ञावाद = मरोणापरान्त आत्मा असंज्ञी( बेहाशी) हुन्छ भन्ने ८ थरिका उद्धमाधातनिका असंज्ञावादीहरू।

३) उद्धमाधातनिका नैवसंज्ञानासंज्ञावाद = मरणोपरान्त आत्मा न होशी हुन्छ न बेहाशी नै भनी मान्ने ८ थरिका उद्धमाधातनिका नैवसंज्ञानासंज्ञावादीहरू।

४) उच्छेदवाद = मरणोपरान्त आत्मा पूर्णरूपमै खत्तम (बिलाउँछ) हुन्छ भन्ने सातथरिका उच्छेदवादीहरू (नास्तिकवाद)।

५) दृष्ट-धर्म-निर्वाणवाद = यही जन्ममैं निर्वाण प्राप्त हुन्छ (इहलोकमैं जन्म - मरणको प्रवाह अन्त्य हुनु) भन्ने पाँचथरिका निर्वाणवादीहरू।

उपरोक्त, ६२ प्रकारका दृष्टि-मतहरूका ब्यर्थता एवं असारता प्रकट गर्दै बुद्धले भ्रमपूर्ण तृष्णाको बसमा अल्झिएर (काम, भव, विभव तृष्णा) नैं यी मत-दृष्टि-सिद्धान्त प्रतिपादन भएका हुन् भन्ने कुरा स्पष्टगर्नु भयो। जतिबेलासम्म यी ६२ प्रकारका मतहरूमध्ये कुनै न कुनै एक मतमा मात्र अल्झिन पुग्दा, फँस्दा, सम्ममा संसार चक्रबाट (भव) मुक्त नहुने परन्तु संसार चक्रबाट मुक्ति पाउन प्रतित्य समुत्पाद दर्शन वा कार्यकारण सिद्धान्तलाई यथाभूत तवरमा बुझ्नुपर्ने र जस्ले गर्दा शील, समाधि, प्रज्ञा र विमुक्ति ज्ञान दर्शन प्राप्त भई जीवन सार्थकता तिर अगाडि बढ्दै जाने रहेछ।

यस सूत्रको अन्त्यमा बुद्धका स्वकीय सचिव भिक्षु आनन्दले प्रश्न तेर्स्याउँछ- "भन्ते! यो धर्मदेशनाको नाम के होला ?" "आनन्द! त्यसोभए यस देशनालाई 'अर्थजाल' भनेर 'धर्मजाल' भनेर 'ब्रह्मजाल' भनेर 'दृष्टिजाल' भनेर पनि चिन, धारण गर; अनि यसलाई 'अनुत्तर संग्राम विजय' (अलौकिक/लोकोत्तर) भनेर पनि धारण गर।"

यसरी अध्ययन गर्दै जाँदा थाहाहुन्छ- ब्रह्मजाल सुत्तको अर्थ हो श्रेष्ठ (ब्रह्म) जालरूपी बुद्धोपदेश। बुद्धको उपदेशलाई नै यहाँ ब्रह्मजाल भनिएको हो। 'श्रेष्ठ जाल के का लागि ?' मिथ्यादृष्टिलाई बुझेर हटाउन, नष्ट पार्न वा जालमा फँसाउनका लागि हो भन्ने प्रष्ट छ। यस सम्बन्धमा ग्रन्थमा उल्लेख्य कुरा यस्तो छ- 'जसरी कुनै एक दक्ष माझी वा उनका शिष्यले थोरै पानी भएको पोखरीमा मिहिन जाल बिछ्याए, माछा हातपारेमा उस्को मनमा यस्तो हुनसक्छ-यस पोखरीमा भएका जतिपनि ठूल्ठूला माछाहरू छन् ती सबै प्राणीहरू यो मिहिन जालमा फँसिसके, यिनीहरू फुटफुट उफ्रिदै रहे पनि वा पानीभित्र भित्रै डुबुल्कि मार्दै पुन: माथि तैरिएर आएमा पनि जालभित्रै फँस्ने भैसके, सबै माछाहरू जालभित्र तलमाथि गरिरहने भए, यसरी तलमाथि गरीरहने सबै प्राणीहरू जाल भित्रै फँसिसकेका हुन्।'

यसरी हेर्दै जाँदा यी ६२ प्रकारकारका दृष्टि रूपी ब्रह्मजाल मत-सिद्धान्त, हामीमा रहुन्जेल सम्मन सानो वा थोरै पानी भएको पोखरीमा भएका ठूल्ठूला माछाहरूलाई जाल बिछ्याउँदा देखी जालोमा फँस्ने जस्तै गरी हामी पनि संसार चक्रमा घुम्दै फिर्दै रहनुपर्ने, भ्रमरूपी जालोमा अड्किएर फुत्काउन गाह्रो गाँठो जस्तै परेर बस्नुपर्ने हुँदोरहेछ। यसरी ब्रह्मजालले जीवन रूपी धागोलाई फुत्काउनै नसकिने पाराले गाँठो पार्नमा ठूलो भूमिका खेलेको हुन्छ र तापनि यस्लाई हामीले विस्तारै धैर्यता पूर्वक गाँठोलाई फुत्काउँदै जान सकेमा विमुक्ति ज्ञान-दर्शन प्राप्त गर्न सकिंदो रहेछ। ■

***"यो लोकमा सुखपूर्वक सुत्नेहरूमा म पनि एक हुँ।" - बुद्ध (अंगुत्तर निकाय)***



Downloaded from http://www.dhamma.digital

# गौतम बुद्ध

✍ बी.एम.श्रेष्ठ, पकनाजोल, नयाँबजार

वास्तवमा भन्ने हो भने, चिन्चा माणबिकाले बुद्धलाई बदनाम गर्न सबैको अघिल्तिर आफूलाई बुद्धकी श्रीमती घोषित गरेकी थिइन् । जुन पछि आएर झुठा साबित भएको थियो ।

सुन्दरी परिव्राजक नाम गरेको युवतीको हत्याको अभियोग बुद्धलाई नै लगाइएको थियो, जुन पछि बुद्धलाई दोषारोपण गर्ने तीर्थकरहरूनै हत्यारा ठहरिन गए ।



मागंदीय नाम गरेको ब्राह्मणले बुद्धलाई ज्वाईं बनाउने इच्छाले आफ्नो छोरी मागंदीय कन्यादान दिन भनेर आएको थिए । बुद्धले बिहे गर्न मनाही गरेपछि तिनी राजा उदयनको (पत्नी) बनिन् । बुद्ध प्रति उनको ठूलो द्वेष थियो, जुन उनले आफ्नो सौता बौद्ध उपासिका भएकोले उनले श्यामावतीलाई जिउँदै जलाइ दिएकी थिइन् ।

उत्तर माणव नाम गरेको ब्राह्मणले बुद्धको शरीरमा ३२ लक्षणहरू छ छैन, परिक्षा गर्न सात महिनासम्म बुद्धको पछि लागिरहेको थिए ।

बुद्धको ज्यादै सुन्दर र सौम्य मुखमात्रै हेरिराख्नको लागि भिक्षु बन्ने वक्कलिले मुखमात्रै हेरिराख्नाले ज्ञानको लाभ भने गर्न सकेको थिएनन् ।

बुद्धले सबैभन्दा बढी उपदेश जेतवन विहारमा दिनुभएको थियो ।

त्यही जेतवन विहार बनाउनका लागि अनाथ पिण्डकले जेतराजकुमार संग १ करोड मूल्यमा जग्गा किनेका थिए भने तत्कालिन मुद्रा ५४ करोड खर्च गरी विहार तयार पारेका थिए । ■

# मायाँ गर

✍ हरिकृष्ण श्रेष्ठ, धरान १२

आफ्नै सन्तान जस्तै खाना पानी खुवाउँछ ।
बच्चा बच्ची देखि पालन पोषण गर्छ ॥
केही वर्ष पछि चिच्याहट को आवाज ।
गुन्जायमान गरेर मानिसले त्यसैलाई वध गर्छ ॥

कस्तो मायाँ र ममता नभएको ।
आफ्नै सन्तान जस्तै पालेको प्राणीलाई वध गर्ने ॥
प्राणीको दुःख र वेदनालाई वास्ता नगर्ने ।
पाप र पुण्यको ख्याल नगर्ने ॥

कति सहयोग गर्छ त्यस प्राणीले ।
घर उज्यालो पार्छ त्यस प्राणीले ॥
मन नै आनन्द गर्छ सधैं त्यस प्राणीले ।
उसैलाइ वध गरी किन पाप कमाउँछौं ?

हामी जस्तै उस्को पनि जिउने अधिकार छ ।
हामी जस्तै उस्लाई पनि सृष्टी गरिएको छ ॥
जसरी छोरा छोरीलाई मायाँ गर्छौं ।
यसरी नै प्राणीहरूलाई पनि मायाँ गर ॥

बुद्ध वचनमा उल्लेख छ ।
सबै पदार्थ नास वान छ ॥
हामी पनि एक दिन नास भएर नै जान्छौं ।
त्यसैले सबैलाई आफू जस्तै सम्झी मायाँ गर ॥

मायाँ गर

"(यो संसारमा) दानले गर्दा असभ्य (दमन नभएको) लाई, सभ्य (दमन) गर्न सक्छ, दानले गर्दा सबै कार्य सिद्ध हुन सक्छ, दान गर्नाले र प्रिय-वचन बोल्नाले आफू अर्कोपट्टि र अर्को आफूपट्टि ढल्कन सक्छ ।" *-लोक-नीति*


Downloaded from http://www.dhamma.digital

# बौद्ध दर्शनमा छ दिशाको महत्व

✍ **कृष्ण कुमार प्रजापति**, नगदेश बुद्ध विहार

महाकारूणिक, बुद्धले छ दिशाको अर्थ र मर्म नबुझिकन नमस्कार र पूजा गरीरहेको देखेर श्रृगाल पुत्रलाई त्यसको वास्तविक अर्थ र मर्म बताउनु भएको कुरो श्रृगालोवाद सूत्रमा उल्लेख छ । महामानव बुद्धले श्रृगाल पुत्रलाई ६ दिशाबारे बोध गराउनु भएको बुँदाहरू निम्न प्रकारका थिए:–

१. **पूर्व दिशाको नमस्कार** – आ-आफ्ना माता पितालाई नमस्कार
२. **पश्चिम दिशाको नमस्कार** – पति-पत्नि, पुत्र-पुत्रीलाई नमस्कार
३. **उत्तर दिशाको नमस्कार** – शुभ चिन्तक मित्रहरूलाई नमस्कार
४. **दक्षिण दिशाको नमस्कार** – आ-आफ्ना आचार्य गुरुजनलाई नमस्कार
५. **अधो दिशा (तल्लो) को नमस्कार** – आ-आफ्ना नोकर-चाकरलाई नमस्कार
६. **उर्द्धदिशा (माथिल्लो) को नमस्कार** – श्रमण-ब्राह्मणलाई नमस्कार

**१. पूर्व दिशाको नमस्कार वा पूजा:**

बौद्ध दर्शनमा पूर्व दिशाको पूजा वा नमस्कार गर्नु भनेको आ-आफ्ना पूर्वजहरूको संस्मरण गर्नु हो, पूर्वजहरूप्रति सद्भाव एवं श्रद्धाभाव राख्नु हो । वहाँहरू प्रति सद्‌गुण जाहेर गर्नु हो । यहाँनिर पूर्वजहरू भन्नाले हाम्रा आमा बुबा, हजुर आमा-हजुर बुबाहरू हुन् । वहाँहरू प्रति स्मृति राखी आदर जाहेर गर्नु हो । बाबु आमाको सही लालन-पालनबाट नै हामीहरू आज सही मानव भएर बाँचेका छौ, बाँच्न सकेका हौं । यसरी सही बाटोमा मार्गमा दोऱ्याउने आमाबाबुहरू प्रति कृतज्ञता जाहेर गर्नु नै सही अर्थमा पूर्व दिशाको पूजा गर्नु र नमस्कार गर्नु ठहर हुन आउँछ । आमा-बुबाहरूको सेवा टहल गर्नु, वहाँहरूलाई सुबिधा हुने र दु:ख नहुने गरी कार्य गर्नु र आमाबुबाहरूको आड-भरोसायुक्त सन्तती भै दिनु, यदि, कथंकदाचित आमा बुबाहरू नराम्रो आचरण र गलत बाटोमा लाग्न खोज्नु भएको छ भने वहाँहरूलाई सचेत तुल्याउने कर्त्तव्य पनि पूर्व दिशाको नमस्कार गरेको ठहर हुन जान्छ ।

**२. पश्चिम दिशाको नमस्कार वा पूजा:**

बौद्ध दर्शनले मनुष्यलाई मनुष्य बन्न ... पूर्व दिशाको मात्र नमस्कारले पुग्दैन, पश्चिमाभिमुख हुनु पनि आवश्यक छ । पश्चिमाभिमुख हुनु अर्थात पश्चिम दिशाको पूजा वा नमस्कार गर्नु भनेको आफू पछिकाहरूलाई पनि समूचित व्यवहार गर्नु हो । आफू पछिका भन्नाले पत्नी, पती, छोरा छोरी, भतिजा भतिजी नाती नातीनिहरू, भाञ्जा भाञ्जीहरू पर्दछ । लोग्नेले स्वास्नीलाई उचित व्यवहार गर्ने, दासीको रूपमा हैन सहयात्रीको रूपमा स्वास्नीले पनि लोग्नेलाई राम्रो व्यवहार गर्ने, म श्रीमानको खुट्टाको जुत्ता हैन, सहयोद्धा हुँ भनी व्यवहार गर्नुपर्छ । लोग्ने स्वास्नी, जीवनरूपी रथका दुईवटा पाङ्ग्रा हुन् । रथको एउटा पाङ्ग्रा या चक्का कमजोर भएमा रथलाई गुडाउन कठिनाई पर्दछ । त्यस्तै गरी लोग्ने र स्वास्नीको बिचमा समूचित व्यवहार नभएमा पारिवारीक संसारको निर्माण हुन कठिन छ । तर अहिलेको पितृसतात्मक संस्कारले र पूँजिवादी व्यवस्थाले गर्दा यस्तो समतामूलक समाजको श्रृजना अलि परको विषय बन्न गएको छ । मान सन्मान भनेको एकोहोरो हुनु हुन्दैन । दोहोरो भएको खण्डमा यसको सम्बन्ध दरिलो र दिगो हुन्छ । एकजनाले र एक पक्षले मान सन्मानयुक्त व्यवहार गर्ने, अर्को पक्षले खऱ्हो र अमानवीय व्यवहार गर्ने बिच कसरी सम्बन्ध सुधारिएला ? आफूलाई मान सन्मानको आवश्यकता महशुस गर्नेले छोरा छोरी र भाई भतिजा, नातीनातिनीहरूलाई पनि राम्रो व्यवहार गर्नुपर्दछ । समयमै आ-आफ्ना सन्ततीहरूलाई सही शिक्षा दिक्षा र असल काम कुरोमा लगाई राख्नु पर्दछ । समय समयमा उनीहरूलाई परीक्षण गर्नु गराउनु पर्दछ । कहिं कतै उनीहरू कुलत र खरावी बानी बसेको त छैन भनी चियो चासो गर्नु पर्दछ । निरन्तर र पूर्ण जिम्मेदारीसाथ आ-आफ्ना सन्ततीको हेर विचार गरी समयोचित

*"मेरो धर्म (= बुद्ध-धर्म) एक डुंगा हो जुन भव संसार (= दु:ख रूपी संसार) पार गर्नलाई हो; पार गरिसकेपछि बोकिराख्नलाई होइन ।" - बुद्ध (अलगद्दुपम सूत्र)*


Downloaded from http://www.dhamma.digital

शिल्पविद्या प्रदान गरी गराई भविष्यको सुनौलो मार्ग निर्माणमा टेवा प्रदान गर्न साँचो अर्थमा पश्चिमाभिमुख भै पश्चिम दिशाको नमस्कार वा पूजा गरेको ठहर हुन्छ ।

**३. उत्तर दिशाको नमस्कार वा पूजाः**

बौद्ध दर्शनले सहीमानव भएर बाँच्ने हो र जीवन यापन गर्ने हो भने आफ्ना हित चिन्तक मित्रहरूलाई राम्रो व्यवहार गर्नु भनी जोड दिएको आभाषहरू धेरै पाउन सक्छौं । 'साथी संगत गुणन फल' भनिन्छ । साथीहरूसंग राम्रो व्यवहार गर्न जानेको खण्डमा साथीहरूले पनि उसलाई राम्रो व्यवहार गर्दछ । हित चिन्तक शुभ चिन्तक मित्रहरू प्रतिको राम्रो व्यवहारले गर्दा आफूलाई पनि कल्याण हुन्छ । मानिसलाई सामाजिकिकरण गर्ने र हुनेमा शुभ चिन्तक मित्रहरूको अहम् भूमिका रहन्छ । तसर्थ मित्रहरू प्रति सद्‌व्यवहार प्रियवचन, सत्य वचन बोल्ने बानीले मित्रतामा अभिबृद्धि हुन जान्छ । मित्रहरूको सामू रहँदा बस्दा सदा मित्रवत् व्यवहार गर्नु पर्दछ, घमण्ड गर्नु हुन्दैन । मित्रहरू भन्दा आफूलाई उच्च ठान्ने प्रवृतिले मित्रतामा आघात हुन्छ र मित्रता रूपी गाँठोमा बज्रपात हुन जान्छ । मित्रताको साईनोमा खलबली पैदा हुन्छ । मित्रहरूसंग रहन्दा, बस्दा र व्यवहारगर्दा मित्रहरूलाई मन पर्ने ढङ्गले गर्नु पर्दछ । मित्रहरू संगमात्र हैन, यस्तै किसिमको व्यवहार गर्न जानेको खण्डमा वैरीहरूको समेत मन पग्लेर अवैरतामा रूपान्तरण हुन जान्छ भनी धम्मपदको ५ औं श्लोकले 'नहि वेरेन वेरानि-सम्मन्तीध कुदाचनं, अवेरेन च सम्मन्ति एस धम्मो सनन्तनो' भनी मित्रताको अभिवृद्धि गर्ने र हुने फराकिलो दायरा प्रस्तुत गरेको छ । मितेरी पूललाई दऱ्हो बऱ्हो वनाउनमा र मित्रतारूपी गाँठो कसिलो पार्नमा या थप गाँठो कस्नमा या मित्रताको साईनोमा थप टेवा र विश्वास प्रदान गर्नमा लागी परेमा साँचो अर्थमा उत्तर दिशाको नमस्कार र पूजा गरेको ठहरिन्छ ।

**४. दक्षिण दिशाको नमस्कारः**

बौद्ध दर्शनमा सच्चा गुरुजन र आचार्यहरू प्रति समूचित कदर गर्नु पर्दछ र मान सन्मान गर्नुपर्दछ भनी जोड दिएको कथन जतातत‌ै पाउन सकिन्छ । मंगलसूत्रमा अझ बढि उदार बनी आदर गौरब र कदर योग्य, सन्मान योग्य व्यक्ति र शक्तिलाई आदर गौरव र कदर गर्नु उत्तम मङ्गल कार्य हो भनि समस्तमानवलाई शिष्टताको पाठ सिकाएको महशुस छ । त्यस्तै उमेर र दाऱ्ही जुंगा फुल्दैमा र जटाधारी जोगी भएतापनि यदि उसको बुद्धि विवेक बाल बच्चाहरूको जस्तो भएमा त्यस्ता ब्यक्ति र शक्तिहरूलाई बालमूर्खहरूमा दर्जि 'बाल मूर्खहरूको संगत नगर्नु पनि उत्तम मंगलमय कार्य हुन् भनी स्पष्ट उल्लेख भएको छ । एउटा उखान नै छन कच्चा बैद्यको मात्रा यमपूरीको जात्रा, कच्चा गुरुको संगतले गर्दा असल, इमान्दार जेहेन्दार एवं प्रतिभाशाली शिष्यले 'अंगुलिमाल' डाकुमा रुपान्तरण गर्नु र हुनु पऱ्यो । अंगुलिमाल जस्ता डाकु प्रवृति एवं हिंस्रक स्वभावले ग्रस्त भैसकेकालाई महाकारूणिक तथागत बुद्धले अनित्यताको बोध गराउनु भै पापको प्रायश्चितको फल चखाई आफ्नो शरणमा लिनु भयो र बाँकी जीवन श्रमण संस्कृतिबाट ब्यतित गरी निर्वाण हासिल गरे । महाकारूणिक तथागत बुद्ध जस्तो सुयोग्य शास्ताले भिक्षुजीवनबाट गृहस्थ हुन खोजेका 'चूलपन्थ'लाई सही उपदेश एवं मार्ग निर्देशन गर्नु भै श्रमण संस्कृतिको गरिमा उच्च गर्नु भयो । र चूलपन्थले सुयोग्य शास्ताको प्रत्यक्ष दर्शन पाई अरहत्त फल प्राप्त गर्नु भएको बौद्ध दर्शनमा उल्लेख छ । त्यसैले सुयोग्य गुरु प्राप्त गर्ना खातिर शिष्यहरूले पनि चनाखो भै सदा जागृत हुनु आवश्यक छ । आफ्नो गुरुजन र आचार्यहरूलाई मान सत्कार गर्नु देवतालाई प्राप्त गर्नु हो भनी 'गुरुदेवो भवः' भनि अन्य दर्शनले समेत स्वीकारेको देखिन्छ । अन्ध परम्परा हैन, अन्ध श्रद्धा हैन, कुनै पनि कुरोलाई जानी बुझि त्यसको महत्वलाई कदर गरी आदर सत्कार गर्नु पर्दछ । यसरी जानेर बुझेर गुरुदेवहरूलाई समूचित कदर गर्नु, आदर भाव राख्नु सही अर्थमा दक्षिण दिशाको नमस्कार र पूजा गरेको ठहर हुन्छ । गुरुलाई हामीले आदर गौरव राख्नु पर्दछ किनभने सुयोग्य गुरुले अज्ञानरूपी कालो बादल हाम्रो मनमष्तिष्कबाट हटाई निर्मल ज्ञान (प्रज्ञा) दिने गुण भएका ब्यक्तिको गुणलाई कदर गरी गुरुप्रति भक्तिभाव र श्रद्धा भाव राख्नु नै दक्षिण दिशाको मर्म बुझी नमस्कार र पूजा गरेको ठहर हुन्छ ।

*क्रमश ...*

***"लोभी मानिसले न त शोक त्याग गर्न सक्छ, न त दुःख र दाह नै । - बुद्ध (जरा सूत्र)***



Downloaded from http://www.dhamma.digital

# भोक र पीडा

✍ श्रामणेर संघरक्षित

शिशिर ऋतुको याम/दिन-प्रतिदिन चिसो बढ्दै थियो। त्यसमाथि पनि म गाउँको सानो विहारको तल्लो कोठामा बास बसेको हुनाले अझ कठ्यांग्रिएर बस्न बाध्य थिएँ। बिहानको ७ बजिसक्यो तर उपासकोपासिकाहरू आइपुगेका थिएनन्। बाहिर अन्धकार थियो। प्रभातको हुस्सु र कुहिरोले गर्दा अलिक टाढाको बस्तु ठम्याउन पनि हम्मे-हम्मे पर्दथ्यो। म आकुल-भुकुल बाहिरको दृश्य अवलोकन गर्न पुग्थें। यद्यपि बिहानको सिरेटोले आक्रमण गर्दैथियो। तथापि झिनो आशाको दीप म भित्र ज्वाज्वल्यमान हुँदैथियो कि तिनीहरू आउँनेछन् अनि आफ्नो (पेटको समस्या) निराकरण हुनेछ।

अचानक एक आकृति यतै आइरहेको देखें-केवल आकृति। जीउभरी कपडा नै कपडाले लाडिएको। उसको शरीरमा आँखा बाहेकका अन्य अंग सायदै चिहाउन सकिन्थ्यो। त मेरो शंकालु मनमा किञ्चित डर पनि लाग्न थाल्यो, यस्तो सुनसान ठाउँमा कसैले कसैलाई देख्न तथा पहिचान गर्नसम्म मुश्किल पर्ने समयमा उक्त अज्ञात छवि। कतै ... होइन ? परन्तु मनका सारा वहम एकछिनमा खल्लास तब भयो जब उक्त आकृति मेरै सामुन्ने पुगेर सादर अभिवादन टक्रायो तापनि मैले उसलाई चिनेको भने थिएन। उक्त अन्जान ब्यक्तिले भगवान बुद्धको प्रतिमा समक्ष पञ्चाङ्ग वन्दना गर्न आफ्नो टाउकोभरि चढाइएका वस्त्रहरू तलतिर सार्दा मात्र बल्ल ज्ञात भयो त्यो त 'हाकुचा' उपासक पो रहेछ। अब म जलपानको सन्दर्भमा पनि केहि निश्चिन्त भएको अनुभूति गरें कि विहारको एकजना कार्यशील सदस्य नै आइपुगेछ। परन्तु घरमा काम आइपरेको जानकारी मात्र दिन आएको रहेछ। तब त हत्तारिँदै त्यो हाकुचा जसरी देखा परेको थियो, त्यसरी नै हुस्सु र कुहिरोको गर्भभित्र लोप भएर गयो।

त बिच - बिचमा च्यान्टे, म्यान्टे, पुन्टेहरूको उपस्थिति नभएको पनि होइन परन्तु "हात्ती आए हात्ती आए- फुस्स" मात्र भयो। कारण : तिनीहरूको केवल क्षणिक अवधिको लागि मात्र उपस्थिति भएको थियो। कस्तो अचम्म ! आज सबैलाई कामै - कामको मेला नै लागेको रहेछ। कतै पानी बर्षे झैं कामको बर्षा त भएन ? यस शंकालु प्रवृत्तिको मनले ठट्यौलीपूर्ण शंका गर्न पुग्छ। होलान् तिनीहरू चिसोको कारण मस्त निद्रा मै लिप्त, नभए बिहानको कार्य। (सुचिकुचि, भात पकाउने, पानीको संग्रहित गर्ने वा अन्य कार्य) मा ब्यस्त होलान् तर दुःख लाग्यो धेरैले मलाई चटक्कै बिर्सेछन्।

समय पनि बिस्तार-बिस्तारै आफ्ना पंख फड्फडाउँदै अघि बढ्दै थियो। म कहिले विहारको मुख्य ढोकामा आफ्नो नजर दौडाउन पुग्थें त कहिले 'टिक - टिक - टिक' चलिराखेको घडीमा। करिब १० बजिसक्दा पनि आफूलाई जलपानसम्मको पनि बन्दोबस्त नभईदिएकोले म स्वयं खानाको समस्या हल गर्ने विचारमा लागें, जसको लागि भिक्षा जानु नै एकमात्र उपाय थियो। भिक्षा प्राप्त होला भन्ने मलाई पूर्णतः विश्वास थियो कारण हिजो मात्र दानको महिमा बारे नै धर्मदेशना गरेको थिएँ।

"सर्वश्रेष्ठ मनुष्य चोलामा जन्मेर साँच्चैको मानवमय आचरणमा निहित हुन चाहन्छौं भने यथार्थरूपमा सातवटा महान् गुण (श्रद्धा-बिश्वास, शील-शुद्ध आचरण, हिरी-नराम्रो कार्यमा लज्या, ओतप्प-अकुशल कार्यमा भय, श्रुत-ज्ञान, त्याग-दान तथा प्रज्ञा-विवेकबुद्धि) परिपालनाको अति दरकार हुन्छ, जसअन्तर्गत त्याग चेतनाले दान दिनु पनि एक हो। वास्तवमा दान त्यो हतियार हो, जसले हामी भित्र बिद्यमान लोभ, क्रोध तथा अविद्यालाई पूर्णरूपमा नष्ट गरिदिन्छ। 'मेरो' भन्दै मात्सर्यचित्तले संचय गरिएका बस्तु हराए समान, ब्यवहारमा उपयोग भएका बस्तु मात्र भए बराबर तथापि कुशल कामनाकासाथ सुयोग्य स्थानमा त्याग चित्तले दान दिने बस्तु नै यथार्थरूपमा आफ्नो धन-सम्पत्ति हो भन्ने कुरा अवबोध गर्नुपर्दछ। अझ शीलले परिपूर्ण, इन्द्रिय संयमित, शुद्ध धर्मका अनुयायी, अष्टलोक धर्म (सुख-दुःख, लाभ-अलाभ, निन्दा-प्रशंसा, यश-अयश) बाट नडग्मगाउने श्रमण-भिक्षुहरूलाई त पवित्र श्रद्धाले दान दिन कहिल्यै चुक्नु हुन्न। यसको महिमा, फल अनन्त हुन्छ ... (इत्यादि - इत्यादि)।"

म दुईहातले पात्र च्यापी सर्वप्रथम उपासककै घरमा भिक्षा जाने निश्चयका साथ विहारभन्दा केही मात्र पर रहेको घरमा ढोकाको ठिक सामुन्ने मूर्ति झैं

*"अरुहरूले निन्दा गर्दैमा हीन हुने हो भने त कुनै पनि मत श्रेष्ठ हुने छैन। सबैले आ-आफ्नो मत ठीक र अन्यमत हीन भन्दछन्।" - बुद्ध (महावियूह सूत्र)*



Downloaded from http://www.dhamma.digital

उभिरहें । उक्त घरका समस्त सदस्यहरू घरकै कार्यमा बेफुर्सद देखिन्थे, सायद खाना खाइरहेका होलान् । तब त ह्रुपत्ती मलाई देखेनन् । तर पनि धैर्य धारण गरीकन प्रभातको अत्यन्त ठण्डा पनि दाऱ्हा किटेर पचाईकन बसिरहें । परिणामत: कसैको दृष्टिपात मतिर पुग्न त पुग्यो तर त्यस घरको च्याउँसे कुकुरको । अनि त बडो फुर्तिका साथ उक्त कुकुरले टुक्रा - टुक्रा पारौला झैं पारी भुक्न थाल्यो । प्रारम्भमा त म त्यहाँबाट कुल्लेलम ठोक्न नलागेको पनि होइन । तर त्यो कुकुर एकै स्थानमा बसीकन मतिर नबढेको हुनाले यत्रतत्र छरिएको साहस बटुलेर यस्सो मुन्टो उचालेर हेरेको त त्यो मरन्च्याँसे कुकुरको घाँटीमा डोरीले पो बाँधेको रहेछ । अनि त म ढुक्क भएँ । त उक्त कुकुरको आन्तरिक विवशता देखेर मलाई फिसिक्क हाँस्न मनलाग्यो पनि, परन्तु हाँसिन ।

उक्त च्याउँसे कुकुरको निरन्तर भुकाईले मेरो साटो लिए तापनि एउटा राम्रो काम भने अवश्य भयो । घर-मालिकनी रिसाउँदै बाहिर आइन् त मलाई देख्नासाथ अगाडिको ३ वटा दाँत खालि भएको बंगाराले जिब्रो टोक्दै भित्र कुद्न पुगी । एकक्षण पश्चात् नै भाँडोमा बाँकि रहेको केही खाना मेरो पात्रमा हालिदिइन् । परन्तु आफ्नो भोजनको लागि त उक्त खाना अपर्याप्त नै थियो । तसर्थ म अर्को छेऊको घर-अगाडि उभिन गएँ ।

एकै क्षण पश्चात् घरभित्रबाट एकजना सानो फुच्चे फुत्त बाहिरियो । आरम्भमा त फुच्चे मलाई देखेर आश्चर्य मिश्रित दृष्टिले टोलाइरह्यो । म कत्तिपनि हलचल नगरीकन बसेको देखेर त्रासपूर्ण हृदयको साथ उक्त फुच्चे अघि बढ्न थाल्यो । सायद उक्त परिस्थितिमा अचानकै मात्र सुक्ष्म हरकत गर्नाले पनि डराउँदै म छेऊ पुगिरहेको फुच्चे मुर्छा पर्न सक्ने सम्भावना थियो । एक्कासि त्यो फुच्चेलाई के-कस्तो जोश चलेछ कुन्नि ! मेरो लुगा (चीवर) मा लुकामारी खेल्दै रमाउन पुग्यो । यस्तो अवस्थामा पनि म मौनताका साथ यथावत बसिरहें । एकछिन मेरो जीउमा रमाउनु-रमाएर हुत्तिदै फुच्चे घरभित्र प्रवेश गऱ्यो । त एक निमेषमै अन्य परिवारका सदस्यहरूसंग देखा पर्न थाल्यो । अब त मेरो लामो अथक प्रयासले सफलता हासिल गर्न लाग्यो भन्ठानेको त ती सबका सबले पक्क परेर मतिर हेर्दै एकछेऊमा लहरै ठिङ्ग उभिरहे । बृहत कालसम्म पनि यस्तै परिस्थितिको श्रृजना हुनपुग्यो । तर फुच्चे चाहिँ क्षण-क्षणमा मेरो वस्त्रसंग मनोरञ्जन गर्न आउने क्रम जारी नै थियो ।

तिनीहरूको अवस्थाले मेरो अभिप्राय नबुझेको जानकारी प्रष्ट देखाउँथ्यो । एक त भोकको प्रचण्ड ज्वालाले पोल्न थालेको, झन त्यसमाथि तिनीहरूले कार्टुन झैं नजर लाइरहेको देखेर सोझै "मलाई भोकलाग्यो, खाना दिने होइन ?" भन्न मन नलागेको पनि होइन तर हामी जस्ताले यस्तो परिस्थितिमा त्यस्तो गर्न नै कहाँ मिल्थ्यो र ? आफ्नो कार्यसिद्धि हुने लक्षण देखा नपरेपछि म अर्को घरमा पुगें । त्यहाँ पनि लगभग यस्तै-यस्तै प्रक्रियाहरू दोहरिन पुग्यो । आखिरकार बुद्ध-धर्मबारे गाउँलेहरू अबोध-अन्जान जो थिए ।

मेरो मनमा निराशाको कालो धुँवाले पूर्णत छोपिसकेको थियो तापनि भोको भेट र पीडा तथा अल्प भोजनको परिणामस्वरूप तत्कालिन आफ्नो उद्देश्यमा अडिग रहें । अबको पालो भने बहुतै सचेतता अपनाई चिनाजानि भएकै उपासिकाको गृह-सामु उभिनपुगें । ममा दृष्टि पुग्नासाथ त्यो उपासिका दौडेर भान्छा-कोठातिर प्रवेश गरिन्, जहाँ 'खाटाक-खुटुक' चलाएको भाँडा-कुँडाको ध्वनिले खाना समाप्त भइसकेको कुरा सहजरूपमा अनुमान गर्न सक्थें । तापनि निराश नभईकन पवित्र श्रद्धाको जागरण भएकै परिणामस्वरूप ढुकुटी भित्र समाइहाल्यो । केही समय उपरान्त तिनले भाँडामा बोकी ल्याएको केही बस्तु मेरो पात्रमा राखिहाल्यो तथा बच्चाको चर्को रोदनले गर्दा तत्कालै घरभित्र पनि कुडि हाल्यो ।

अरे फसाद ! तिनले त मेरो पात्रमा चामल पो राखेको रहेछ । कस्तो आपद ! कस्तो विडम्बना !! अब म अन्यत्र भिक्षा जान सक्ने स्थितिमा पनि भइन कारण पात्र त चामल तथा उसिनेको चामलले (भातले) भरिपूर्ण थियो, जुन सहजताका साथ फाल्न पनि त मिलेन । "हिस्स बूढी खिस्स दाँत" । खाइस् अलिक प्राप्त भईसकेको भोजन पनि । मेरो त अक्कलले साथ छोडिसकेको थियो । फेरी तिनको मूर्खतापूर्ण ढंगमा एकपटक हाँस्न पनि मनलाग्यो । "कस्तो होशै नपुऱ्याई हत्तपत्त कार्य पूर्ण गरेकी हँ ... ? म अवाक् परीकन अन्योलमा फस्दै थिएँ कि अचानक ढोकामा कसैले 'ढक-ढक-ढक' गरेको आवाजले म झल्यांस्स भएँ । हत्तारिएर सिरकभित्रबाट मुन्टो निकालेको त "बुद्ध-वन्दना" गर्न जाने समय पो भइसकेको रहेछ । ■

*"कोही होशियार, सुमार्गी र धैर्यवान् साथी मिलेमा सबै बिघ्न बाधाहरू झेलेर पनि उसको संगत गर्नु पर्छ ।" - बुद्ध (खग्ग बिसाण सूत्र)*



Downloaded from http://www.dhamma.digital

# नक्कली देवता र नक्कली मन्त्री

✍ भिक्षु अश्वघोष

जनआस्थाका कतिपय पाठकहरूले प्रश्न सोधेका छन्- "के सधैं सबै ठाउँमा सहेरै बस्नुपर्छ भन्ने शिक्षा बुद्ध धर्मले दिन्छ ?"

बुद्धको शिक्षाअनुसार अन्याय सहेर बस्नु झन् अन्याय हुन्छ। सबै ठाउँमा सहेरै बस्नु त झन् धर्म भएन र व्यावहारिक पक्ष पनि भएन। बौद्ध साहित्य छलकपट गर्नेलाई छलकपटैको जवाफ दिनुपर्छ भनिएको पाइन्छ। उदाहरणार्थ जातक कथामा आधारित एउटा घटना प्रस्तुत गर्छु।

धेरै पहिलेको कुरा हो। वाराणसी देशमा ब्रह्मदत्त राजाको पालामा बोधिसत्त्व एक व्यापारी कुलमा जन्मे। उनको पण्डित नाम राखियो। जब उनी जवानीको अवस्थामा पुगे; उनले अतिपण्डितको नामको साथीसँग मिलेर साझा व्यापार शुरु गरे। यसैक्रममा उनीहरू अलि टाढाको शहरमा गई पैसा कमाएर ल्याए।

अतिपण्डितले जम्मै पैसा आफ्नो हातमा पार्ने योजना बनायो। उसले पण्डित साथीलाई सुझाव दियो- हाम्रा छिमेकी र नाता कुटुम्बहरू राम्रो नियतका छैनन्। त्यसैले यही जंगलको एउटा ठाउँमा धन गाडेर जाऊ न हुन्न ? पंडित बोधिसत्त्व सोझो मान्छे; छक्का-पन्जा केही थाहा नभएको हुँदा साथीको सुझावमा सहमत भए।

केही दिनपछि अतिपण्डितले खुरुक्क गाडिराखेको धन उठाएर ल्यायो। आफ्नो बुबालाई पनि कुरा सिकाइदियो-हामी दुई जनाबीच पैसाको बारेमा झगडा हुनेछ। त्यसपछि हामी दुवै फलाना ठाउँको रुखमा न्यायको लागि प्रार्थना गर्न आउनेछौं। अनि बुबाले नक्कली देवता बनी खोक्रोलो रुखभित्र बसिरहनु पर्‍यो। मुद्दा ल्याउँदाखेरि गाडिराखेको धन पण्डितले नै लिएको हो भनिदिनुपर्‍यो।

अतिपण्डितले पण्डितलाई भन्यो पैसाको खाँचो छ। जाऊँ पैसा लिन। दुबै गएर खन्न थाले। तर, पैसा त हुने कुरै भएन। अतिपण्डितले उल्टै पण्डितलाई पैसा निकालेर लगेको आरोप लगाइदियो।

पण्डित बोधिसत्त्वले भने- नचाहिने झूठो आरोप नलगाऊ। मैले पैसा लिएको छैन। चोरको स्वर झन् ठूलो हुन्छ भने जस्तै अतिपण्डित झन् ठूलो स्वरले कराएर झगडा गर्नखोज्यो। अन्त्यमा त्यही नक्कली देवता भएको रुखमुनि दुवै पुगे र अतिपण्डितले हात जोडी आँखा पनि बन्द गरी प्रार्थना गर्न थाल्यो- हे न्यायप्रेमी वृक्षदेवता! हामी दुई जनामा सही चोर को हो भनी दिनुपर्‍यो; न्याय दिनुपर्‍यो।

नक्कली देवताले खूब नरम स्वरले भन्न थाल्यो- 'पण्डित नै चोर हो; उसैले पैसा चोरेको हो। आजभोलि त अर्थमन्त्री र प्रहरीका हाकिमहरू नक्कली हुन्छन् भन्ने सुनिन्छ। पहिले चाहिँ देवता पनि नक्कली हुँदा रहेछन्।

देवताको अन्यायपूर्ण निर्णय सुनेर बोधिसत्त्व पण्डितले विचार गरे- यो पक्कै पनि नक्कली देवता हुनुपर्छ। उनले देउता नक्कली हो कि सक्कली हो; परीक्षा लिनुपर्‍यो भनी सुक्खा झारपात र पराल जम्मा गरी रुखमुनि चारैतिर राखी आगो लगाइदियो।

नक्कली देवतालाई त आगोले पोल्नथाल्यो। ज्यान बचाउनको लागि बाहिर निस्केर भन्न थाल्यो- मेरो छोरा अतिपण्डित नै चोर हो। अनि पण्डित बोधिसत्त्वले आधाआधि धन बाँडेर लिए।

यस घटनाबाट के शिक्षा लिनुपर्छ भने बोधिसत्त्व पण्डितले आफ्नो साथी ठग अतिपण्डितप्रति दया देखाई सहेर बसेनन्। संघर्ष गरेर आफ्नो अधिकारको आधाआधि पैसा लिएरै छाडे। हुनत बोधिसत्त्वले सहनुपर्ने र त्याग गर्नुपर्ने। त्यसो गरेनन्। हाम्रो देशमा साझा र संस्थानहरूमा पनि इमान्दारिता नभएकोले जत्ति आम्दानी भए पनि तिनीहरूमा घाटा मात्र देखाइन्छ। यस्तो कुरा सहेर बस्नु राष्ट्रको लागि हितकर हुँदैन। ■

*"जसले पुरोहित काम गरी जीविका गर्छ, त्यो ब्राह्मण होइन, याचक (=मगन्ते) हो। - बुद्ध (वासेट्ठ सूत्रांत)*



Downloaded from http://www.dhamma.digital

# बौद्ध शिक्षा

✍ तीर्थरत्न बज्राचार्य, यल

थौंया आधुनिक युगय् मनूतय्त शिक्षा अति आवश्यक जू । अथे जूगुलिं नय् त्वनेगुया नापनापं थीथी शिक्षा (बिज्ञान व प्रविधि, ब्यापार व वाणिज्य शास्त्र, सामाजिक शिक्षा, भूगर्भ, गणित, कम्प्यूटर, स्वास्थ्य तथा चिकित्सा, संगीत, नृत्य, इतिहास, अर्थशास्त्र, लेखा, आदि) या ज्ञान कायगु अवसरत चूलानाच्वंगु दु । थुकथं थीथी विषय वस्तुतयगु अध्ययन यायबले भाषा, सँस्कृति, सामाजिक, नैतिक व ब्यवहारिक शिक्षा झीगु जीवने मदयक मगा: ।

मनूया जिन्दगीया थीथी अवस्थात मध्ये मचा ई छगू धात्थें हे संवेदनशील अवस्था ख: । थ्व अवस्थांनिसें हे मचायात भिंगु लँय् हयत कुत: यायगु प्रत्येक मां अबुपिनि सामाजिक दायित्त्व नं जूवं । छाय् धा:सा समाज व देया लागि मचात छगू आधार केन्द्र ख: । इमिपाखें समाज व देशं त:धंगु आशा यानाच्वंगु दै । इपिं कन्हे समाज व राष्ट्रया जिम्मेवारी क्वबीपिं कर्णधार ब्यक्तिपिं ख: । तर थुजा:गु जिम्मेवारीया भावना इमिके थुबले ब्वलनी, गुबले इमिके नैतिकशिक्षा व चारित्रिक शिक्षां परिपूर्ण ज्वी । थ्व खँयात दुनुगलं निसें वाला स्वल धा:सा मचातय्के नैतिक व चारित्रिक सुधार हयगु लागि न्हापां अभिभावकवर्गतयसं महत्त्वपूर्ण भूमिका म्हितेमा:गु खनेदु । छाय् धा:सा मचातय्त दकसिबे न्हापा लँ क्यनीपिं अभिभावक वर्गपिं हे ख: । उकें झीसं धायफु मांबौपिनिगु शैक्षिक स्थितिं मचातयगु नैतिक व चारित्रिक सुधारे यक्को प्रभाव यानाच्वंगु दै । विशेष यना: न्यादंया क्वय्यापिं मचात मांया मुले हे सीमित जुयाच्वनी । न्यादं फुतकि परिवारं पिनेयागु सामाजिक परिवेशय् न्हापांगु पला:छी । सुं नं मनू बुइसाथ विद्वान व मूर्ख ज्वीमखु । भिंम्ह व चरित्रवान्म्ह नागरिक उत्पादन यायगु ज्याय् पारिवारिक दायित्त्व, भिंगु सामाजिक संस्कार, भिंपिं गुरु गुरुमांपिंसं महत्त्वपूर्ण भूमिका म्हिताच्वंगु दै । उकें मांबौपिनि थ: मचात अनुशासित, चरित्रवान, आज्ञाकारी व ज्ञानी यायत शिक्षाया भरोसा कायमा: अंगुलिमाल थें जा:म्ह डाँकुयात भगवान बुद्धं छगू जक उपदेश बियाबिज्या:बले व घ्यो थें नाया: बुद्धया शरण वन । लिपा धर्मय् प्रव्रजित जुया: मोक्षफल लानावंगु खँ नं झीसं न्यना: व स्वयाच्वनागु हे दु ।

थौं कन्हेया ग्यानापुगु अशान्तिं जा:गु विश्वे शान्तिया पाठ सयका कायगु लागि शिक्षालय, गुरु गुरुमांपिनि पाखें धर्म शिक्षा अध्ययन यायगु तसकं आवश्यक जुयाच्वंगु दु । धर्म शिक्षा देशयात च्वन्ह्याकेगु छगू माध्यम नं ख: । झीसं न्यनातया:गु दु, जापान देश स्यंकेत कोरियनतसें अन बुद्ध शिक्षा दुथ्याकाबिल । तर थुकीया अ:ख: लिच्व: अन आ: झन विकास व उन्नति जुया: पिहाँवल । थौं जापान जक मखु थाइलैण्ड, वर्मा (म्यानमार), चीन, कोरीयन भियतनाम, कम्बोडिया, ताइवान, श्रीलंका आदि देशयापिं मनूत बुद्धं क्यनाबिज्या:गु शान्तिया लँप्वी पला: छिनापिं धका: थ:त थम्हं गर्व तायका च्वंगु दु । तर झीथाय् धा:सा थुकीया अ:ख: जुयाच्वंगु दु । थ्व फुक्कया कारण झीसं बुद्धं क्यनाबिज्या:गु शिक्षायात छ्यले मफुगु व सरकारया चेतना मदुगु चिं ख: ।

बौद्ध परियत्ति शिक्षा सम्बन्धि थ:त लगे जूगु छुं खँत न्ह्यथने त्यना-

झीथाय् न्हूगु बानेश्वर शंखमूलय् विश्वशान्ति बौद्ध शिक्षालय पलिस्था याना: बुद्ध शिक्षाया नापनापं मेमेगु औपचारिक शिक्षात नं बिया: श्रामणेर व अनगारिका प्रव्रजित याइगुया नापनापं एस.एल.सी. परीक्षा नं बीकेगु कुतलं थ्व नेपा: देयागु न्हापांगु बिद्यालययया रुपे विश्वशान्ति बौद्ध शिक्षालय पलिस्था या:गु दु । अले मेगु छगू नं अन्तर्राष्ट्रिय स्तरं ब्वेगु लागि "आनन्द क्याम्पस" (अंग्रेजी भाषं स्यनेकेने यायगु लागि) पलिस्था जूगु झीगु लागि लयताय् मा:गु खँ ख: । अझ सम्बन्धित निकाय व झी फुक्कसिंगु कुत: व गुहालिं विश्वविद्यालय हे पलिस्था याना वनेफत धा:सा सकल नेपा:मिपिनि लागि व ज्ञानया धुकू दया: नेपा:या हे न्हाय् च्वनीगु सम्भव दु ।

झीथाय् गुलिनं बौद्ध परियत्ति शिक्षालय व मेमेगु बौद्ध बिद्यालयत दु, अन नं ई व परिस्थिति स्वया: बौद्ध शिक्षाया नापनापं ल्व:ल्व:गु औपचारिक शिक्षा नं बिया: स्यनेकने यानावन धा:सा ब्वँमिपिं उत्साही ज्वीगु आशा कायफु । थुकथं ब्यवहारिक ज्ञानत सुलाच्वंगु बौद्ध शिक्षायात गुलिनं ब्वँमिपिसं अध्ययन व अभ्यास यानावं वनेफै, उलि हे इमान्दार, मेहनती, चरित्रवान व ज्ञानीगुणी मनूतसें समाजे थाय् कायफै । विश्व शान्तिया लागि थौंकन्हे थुजा:पिंहे ब्यक्तित्वपिनिगु जरुरत जुयाच्वंगु दु । ■



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं-७

✍ मयजु प्रेमहिरा तुलाधर

प्रस्तुत लेख धर्मकीर्ति पत्रिकाया बर्ष १५ अंक १ य् पिदंगु "धर्मकीर्ति पत्रिकाया मिसा च्वमिपिं-१" धैगु च्वसुया न्हय्‌गूगु ब्व ख: । थुगु च्वसुइ धर्मकीर्ति पत्रिकाया दँ ७, ल्या: ७ स खनेदुपिं मिसा च्वमिपिनि च्वसु बारे छुं खँ न्ह्यथने त्यना ।

७. भिक्षु, अश्वघोष (सं) -
धर्मकीर्ति ७.७, ने.सं १०९८, बु.सं. २५२२, वि.सं. २०३५, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति विहार, श्रीघ: नघ: टोल, काठमाडौं ।

धर्मकीर्ति पत्रिकाया थुगु ल्याखय् खनेदुम्ह मिसा च्वमि व वय्‌क:या च्वसु क्वय् न्ह्यथना कथं दु ।

१. तुलाधर, लोचनतारा- "सम्यक दृष्टि"- पौ २४-२५.

धर्मकीर्ति पत्रिकाया थुगु न्हय्‌गूगु ल्याखय् छम्ह हे जक मिसा च्वमि मयजु लोचन तारा तुलाधरया "सम्यक दृष्टि" धैगु च्वसु दुथ्यागु दु । थुगु पत्रिकाय् च्वसु च्वया वया च्वनादीपिं मिसा च्वमिपिं म्हो जुजुं थुगु ल्याखय् थ्यंबले छम्ह हे जक मिसा च्वमिया च्वसु खनेदत । खला सुरुसुरुया ल्याखय् धर्मकीर्ति पत्रिकाया च्वमिपिं मध्येय् मिसा च्वमिपिं हे आपा दैगुलिइ पा: जुजुं वना थुगु ल्याखय् तसकं हे म्हो जूगु दु । थुकिया कारण छगू ला च्वयाच्वंपिं मिसा च्वमिपिनि इहिपा जुजुं वन, अले इहिपा जूलिसे छैं ज्यां व गुलिस्यां लजगालं याना च्वय्‌गु कम जुल । नापं अध्ययन गोष्ठीया न्हून्हूपिं सदस्यपिसं च्वसु च्वय्‌गुलिइ ल्हा: न्ह्याके मफुत ।

धर्मकीर्ति पत्रिकाया दँ ७ ल्या ७ या छम्ह हे जक मिसा च्वमि मयजु लोचन तारा तुलाधरजुं "सम्यक दृष्टि" धैगु थ:गु च्वसुइ दु:खं मुक्त जुया निर्वाण प्राप्त यायत चतुआर्य सत्य व आर्य अष्टांङ्गिक मार्ग बांलाक थुइके मा:गु खँ कना दिसे आर्य अष्टाङ्गिक मार्गे नं सम्यक दृष्टियात जोड विया हरेक मनूतय् थ:थ:गु विचारं न्ह्यागु हे क्वात्तुक ज्वना त:सां ज्ञानया मिखां स्वया धालखँय् लगे मजुसें ख: मखु छुटे याय् सयकेमा: वा मद्वंक स्वय् सयके मा: धैदिल । अले ध्व आर्य अष्टांङ्गिक मार्ग च्यागू छगू नापं मेगु थवं थवय् स्वापू दु धैगु खँ छम्ह मब्वनीम्ह विद्यार्थीया उदाहरण बियादिसे व मचां जाँचे खुया: च्व:गुलिं ब्वो बिल धका गार्डयात लाक्वपाक्व धया ब्वोविया दा:म्ह विद्यार्थीया ख्वीगु बिचा: कुबिचा: मिथ्या दृष्टि ख: ब्वोब्यूगुलिं सम्यक वचन मन्त, दायत ल्हा: वा:गुलिं सम्यक कर्मान्ते मलात, सम्यक वायाम मजुल, सम्यक स्मृति मन्त, अले सम्यक समाधि मला:गु खँ कनादिल । थुकथं झीगु जीवन सुथां लाक्क न्ह्याका यंकेत आर्य अष्टांङ्गिक मार्गया च्यागू मार्ग छगू थें छगू उलि हे मदयक मगा: धका झी सकसितं ध्वाथुइक कना दीगु दु । ■

## पञ्चशीलमा आधारित

(शील कविता)

✍ सरोज उदास, पोखरा-३

आत्मिक श्रद्धा जगाई
भक्तिले शीर झुकाई
हात जोडी नमस्कार
सम्यक सम्बुद्धलाई
काय वाक चित्तले
जान्छु शरण बुद्धको
जान्छु शरण धर्मको
जान्छु शरण संघको
काटमार दु:खदायी
प्राणी हिंसा नगरौं
प्रतिष्ठामा धब्बा लाग्छ
चोरी कर्म नगरौं
ब्रह्मचर्य नष्ट हुन्छ
ब्यभिचार नगरौं
ईमान विश्वास हराउँछ
झूठो बोली नबोलौं
दुर्ब्यसनले सर्वनाश
सुरापान नगरौं
शुद्ध बुद्ध धर्मको
शरणमा जाउँ
दुर्लभ यो जीवन
सुसंस्कृति बनाउँ



Downloaded from http://www.dhamma.digital

# Fellow Dhamma-followers:

*Today's talk is entitled, "Dhamma Principles for Students".*

**✍ By Buddhadasa Bhikkhu**

I wish to make it clear to you that today's talk will deal only with fundamentals and basic principles, and so in especially intended for students, that is to say, for intelligent people. I shall discuss these broad principles of Dhamma (Natural Truth) using the question-and-answer format, first putting a question to you, and then supplying the answer. Having heard the question first, you will find the answer easier to understand and remember. This, I feel, is the most appropriate method of presentation for you who are students or intelligent people. It is said that at the time of the Buddha, intelligent people never asked about anything but basic points and fundamental principles. They never wanted long-winded explanations. This has the virtue of saving time, among other things.

So that is how I shall do it today: pose a question as our topic, and then answer it in terms of basic principles. In this way you will get the essentials of a large number of topics, facts that will serve you as a good general foundation. Having this foundation knowledge will bear good fruit in the future; it will be of assistance to you in studying and in understanding other speakers.

One more point. The form of my talk is designed to prepare you students for those occasions when you will be asked questions. by people from other countries and other religions. It will enable you to answer their questions, and answer them correctly, without giving rise to any misunderstanding concerning the Teaching.

Bear well in mind those points which constitute the essence or real kernel of the subject. If you manage to remember that much, it will be a very good thing, and, I believe, a very great benefit to you all. Now I shall discuss the topics in turn.

*1) Suppose we are asked,*

**"What subject did the Buddha teach ?**

The best way of answering this is to quote the Buddha himself, "Know this, O Monks: Now, as formerly, I teach of only dukkha (suffering, unsatisfactoriness) and the elimination of dukkha."

Whether or not this answer agrees with what you had thought, please take good note of it. There are many other ways we may answer, but this one saying of the Buddha sums up his teaching very succinctly.

The Buddha taught only dukkha and the quenching of it. This renders irrelevant and questions without a direct bearing on the elimination of dukkha. Don't consider such questions as " Is there rebirth after death ?" or "How does rebirth take place ?" These can be considered later.

So, if a Westerner asks us this question, we shall answer it by saying, "The Buddha taught nothing other than dukkha and the elimination of it." ■

**NOT TO DO EVIL**
पाप कर्म कहिल्यै नगर्नु
**TO CULTIVATE MERIT**
पुण्य गर्दै जानु
**TO PURIFY ONE'S MIND.**
आफ्नो (मन) चित्तलाई शुद्ध गर्नु
*– This is the teaching of the Buddha.*
यहि नै बुद्धहरूको उपदेश हो ।

*"जसले अहंभावको कारणले आफ्नो प्रशंसा र अरूको निन्दा गर्छ उसलाई चाण्डाल सम्झनु पर्छ ।" – बुद्ध (वसल सूत्र)*



Downloaded from http://www.dhamma.digital

**दुःख र भयबाट मुक्त पार्ने व्यक्ति आफै हो ।**

२०५५ भाद्र १३ गते छलफल कार्यक्रमको क्रममा श्यामलाल चित्रकारले प्रश्न उठाउनु भयो - "हाम्रो जीवनमा भय किन आइरहन्छ र डराउने भावना किन उब्जीरहन्छ ? यसबाट बच्ने केही उपाय छ ?

यस प्रश्नलाई उत्तर दिने क्रममा वीर्यवती गुरुमांले भन्नुभयो - "हुनत बुद्धले आफ्नो निश्वार्थ त्याग र तपस्याबाट पत्ता लगाउनु भएका चारवटा आर्यसत्यहरू मध्ये सबभन्दा पहिलो सत्य नै दुःख सत्य हो । त्यसैले होला संसारमा जन्म लिने जति पनि प्राणीहरू छन्, तिनीहरूलाई आठ प्रकारका शारिरीक एवं मानसिक दुख, भय र त्रासहरूले रातदिन पछ्याइरहेका हुन्छन् । यस प्रकारका दुःख एवं भयहरू हुनु त संसारको स्वभाव नै हो । जब सम्म हामीमा अविज्जा अर्थात् अज्ञानताले ठाउँ लिन्छ, तबसम्म हामी यस प्रकारका दुःखबाट मुक्त हुन सक्दैनौं । त्यसैले यो अज्ञानता हटाउनका लागि हामीले सर्वप्रथम यी कार्यहरूलाई अभ्यास गर्नु जरूरी देखिन्छ– आफू भित्र लुकिरहेका खराव आचरणहरूलाई खोतल्दै फाली राम्रो आचरण र व्यवहारमा आफूलाई ढाल्ने, आफ्नो चित्तलाई प्रतिक्षण खराव कार्यहरूबाट टाढा राखी मैत्री करूणा, मुदिता र उपेक्षालाई चित्तमा स्थान दिई चित्त एकाग्र पार्ने र आफ्ना राम्रा र नराम्रा कार्यहरूको प्रतिफललाई अरूले होइन आफैले भोग्नु पर्नेछ भन्ने कुरामा दृढ विश्वास राखी संसारको अनित्य स्वभावलाई राम्ररी चिनेर नचाहिंदो आशक्ति र लोभीपनालाई त्याग्ने आदि । यी कार्यहरू गर्नु भन्दा पहिले धम्मपदमा उल्लेखित बुद्ध वचनलाई आफ्नो दैनिक व्यवहारमा प्रयोग गर्न सके अझ राम्रो हुनेछ ।

**"न परेसं विलोमानी न परेसं कता' कतं**
**अत्तनो' व अवेक्खेय्य कतानि अकतानि च"**

- अर्काको दोष र अर्काले के गऱ्यो के गरेन भनी हेर्नुभन्दा आफ्नो दोष र आफूले के गरें के गरिन भनी हेर्नु बेश"

**पूर्वजन्म र पुनर्जन्म**

२०५५ भाद्र २० गतेका दिन अरुण सिद्धि तुलाधर को सभापतित्त्वमा संचालित कक्षामा श्रीमती रीना तुलाधरले "पूर्वजन्म र पुनर्जन्म" विषयलाई रोचक तथा तर्कपूर्ण ढङ्गमा प्रस्तुत गर्नुभयो ।

उहाँले भन्नुभयो - "पूर्वजन्म थियो र पुनर्जन्म हुन्छ भन्ने कुरा वैज्ञानिक प्रशोधन र तथ्यबाट प्रमाणित हुन नसकेकोले आजसम्म यस विषयमा विवाद भइ नै रहेको देखिन्छ ।

सम्पूर्ण क्लेशबाट विमुक्त हुन नसकेसम्म जन्म मृत्युको चक्करबाट मुक्त हुन सक्दैन । हरेक कारणको असर हुन्छ र हरेक असरको पछाडि कारण हुन्छ भन्ने वैज्ञानिक सिद्धान्त जस्तै प्रत्येक व्यक्तिले आ-आफ्नो कर्म (काम अनुसार) अनुसार फल भोग्नु पर्छ । कर्म र कर्म फल एउटै जन्ममा मात्र सीमित नभई धेरै जन्महरूमा कर्मको फल भोग्नै पर्ने जन विश्वास छ । महामानव बुद्धले प्रतिपादन गर्नु भएको प्रतित्य समुत्पाद सिद्धान्तमा दुःखको मूलकारण अविद्या हो । अविद्या नास गर्न सकियो भने जाती जरा मरण नास भई सम्पूर्ण दुःखबाट विमुक्त हुनेछ ।

सास्वतवादीहरूले आत्माको अस्तित्वलाई मान्ने भएकोले आत्मा कहिले पनि विनास नहुने अजर, अमर र नित्य छ भनी मान्छन् र पुनर्जन्मलाई विश्वास गर्छन् । तर बौद्ध सिद्धान्त अनुसार उत्पत्ति हुने जति विनास पनि अवश्यम्भावी छ । चित्त निरन्तर रूपमा अति द्रुत गतिले चलिरहने भएकोले सम्पूर्ण क्लेश नास नभए सम्म मरणासन्न अवस्थामा चुति चित्त पछि चित्तले तुरुन्तै पहिलो शरीर त्याग गरी अर्को शरीर ग्रहण गर्छ । अभिधम्म पिटकको विथी कण्डमा जीवनको अन्तिम अवस्थाको चित्तको विश्लेषण गरी पुनर्जन्मको विवेचना गरिएको छ । यसरी बौद्ध ग्रन्थ अनुसार पूर्व जन्म र पुनर्जन्मलाई विश्वास गर्न सकिने प्रशस्त आधारहरू छन् ।" तर बुद्धको सिद्धान्त अनुसार पुनर्जन्म लिने कुनै सत्ता छैन । बुद्ध अनात्मवादी हुन् ।

**श्रद्धा धन**

२०५५ भाद्र २७ गते । यसदिन पूज्य श्रश्वघोष भन्तेले सप्त आर्य धन मध्ये पहिलो श्रद्धा धन विषयमा प्रवचन दिनु भएको थियो । यसै क्रममा उहाँले भन्नुभयो "एक सभ्य मानिसले सातवटा अमूल्य आर्यधनहरूलाई संगालेको हुनुपर्छ । ती धनलाई सप्त आर्य धन भनिन्छ । जुन यसरी रहेका छन्-

(१) श्रद्धा आर्य धन (२) शील आर्य धन (३) लज्जा आर्य धन (४) भय आर्य धन (५) श्रुत आर्य धन (६) त्याग आर्य धन (७) प्रज्ञा आर्य धन ।

साधारणतया मानिसहरूको जीवन यापनका लागि भौतिक धन (रूपैयाँ पैसा, घर जग्गा, सुन चाँदी आदि) को आवश्यकता हुन्छ । यही भौतिक सम्पत्ति सहितको जीवनलाई पनि सुखमय बनाउनको लागि मानसिक शान्तिको त्यत्तिकै खाँचो भैरहेको हुन्छ । मानसिक शान्ति प्राप्त गर्नको लागि हामीसंग



Downloaded from http://www.dhamma.digital

आध्यात्मिक आर्यधन (सप्त आर्यधन) को अत्यावश्यक हुन्छ । ती सातवटा आर्यधनहरू मध्ये सबभन्दा पहिलो श्रद्धा आर्यधनले हरेक कार्यमा अगुवाको भूमिका निभाएको हुन्छ । श्रद्धा भन्ने वित्तिकै जुनसुकै क्षेत्रको श्रद्धालाई पनि हामीले मान्यता दिन मिल्दैन । किनभने श्रद्धा पनि २ थरीका छन् ।

१) शुद्ध श्रद्धा:- प्रज्ञा सहितको श्रद्धालाई शुद्ध श्रद्धा भनिन्छ अर्थात् विवेक बुद्धी सहितको श्रद्धालाई शुद्ध श्रद्धा भनिन्छ । यस प्रकारको श्रद्धाले मानिसहरूमा रहेका अहंभावलाई हटाउन मद्दत दिन्छ ।

२) अशुद्ध श्रद्धा:- यस प्रकारको श्रद्धामा विवेक बुद्धि प्रयोग भएको हुँदैन । त्यसकारण यसले ठीक बेठीक छुट्टाउन नसकी अरूहरूको भनाईमा मात्र लागी अन्ध श्रद्धा पोखिरहेको हुन्छ । अन्ध श्रद्धाले मानिसहरूलाई अन्ध विश्वासी र मूर्ख बनाईदिन्छ ।

यसरी हामीले आफूले कस्तो प्रकारको श्रद्धा प्रयोग गरिरहेको छ, त्यसलाई राम्ररी विचार पुऱ्याई आफ्नो जीवनलाई राम्रो मार्गमा दोऱ्याउनु आवश्यक छ ।"

इन्द्रकुमार नकर्मीले संचालन गर्नुभएको उक्त कक्षामा दिवंगत हुनुभएका केदारलाल राजकर्णिकारको पुण्यस्मृतीमा पुण्यानुमोदनपनि गरिएको थियो ।

## बिचाः हायेका



### केदारलाल राजकर्णिकार

बुः दिं : १९९९ जेष्ठ १३, मंगलवाः दशोहरा

मदुगु दिं : २०५५ भाद्र २६ गते शुक्रवाः

धर्मकीर्ति पत्रिकाया पुलांम्ह व्यवस्थापन सहयोगी व धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया दुजः डिल्ली बजारे च्वंम्ह भाजु ध्रुब राजकर्णिकारया अबुजु केदारलाल राजकर्णिकार आकाभ्नाकां मदुगुलिं वयक:या परिवार पिन्सं संसारया अनित्य स्वभावयात थुइकाः दुःखयात धैर्य धारण याये फयमा धकाः बिचाः हायेका ।

"धर्मकीर्ति" पत्रिका

# अध्यात्मिक धन

✍ बेखारत्न शाक्य, यल

श्रद्धा धयागु मसला तयथें व याना,
भिंका वनेगु मन दान बीगु याना,
आ:यात मा:गु थन कर्म भिनीगु भ्कीत,
याय्‌गु धर्म थन भिंगु धका व सीका: ॥१॥

बांलाक आदर तयेगु व भिक्षुपिन्त,
भिंका व आचरण थ:गु सदा थ्व भ्कीसं
मा:थाय् मा:गु उपकार थुजोगु याना
थ:त भिनीगु मस्यनीगु व धर्म याना ॥२॥

लज्जा मचा:, सरम म्वाम्ह मनू मजूसे
न्ह्याकेत जीवन समाज खना व ग्याय्‌मा:
पापी मज्वीगु, बदनाम मज्वीगु याना
लज्जा मनूतयेत मा:गु धका व सीका ॥३॥

ओतप्प धा:गु भय पाप खना व ग्या:गु,
छुनं मयाय्‌गु भय दुगु उजागु ज्या खँ,
म्वाना च्वनेत गुण-धर्म थ्व मा:गु भ्कीत
ग्याना च्वनेगु मन पाप खनाव भ्कीपिं ॥४॥

ध्वीका कया श्रुत धयागु व ज्ञान देका,
धोखा मनैगु धन मा:गु थुजागु सीका,
धात्थेंम्ह ज्ञान दुम्ह ज्वीत म्हसीकि थ:तनी
ज्ञानी जुया सकसियां येका च्वनेत ॥५॥

याय्‌गु दान परयात नुग: चकंका,
माया तया श्रमणपिन्त विश्वास याना,
त्यागी जुया थन भिक्षाटन या:गु खंका
बीगु दान फक्को, त्याग धकाव याना ॥६॥

बुद्धि छ्यलेगु व मद्वंक विचार गाका:
हिंसा मयाय्‌गु परयात थ्व धर्म खंका:,
ज्वीमा: सुखी पर व थ: मन बीगु भिंका:,
आ: भ्कीत सप्त धन मा:गु थुजागु सीका ॥७॥



Downloaded from http://www.dhamma.digital

### मैत्री संघ पोखराको गतिविधि

सद्धर्म अभिवृद्धि गर्ने उद्देश्यले मैत्री संघ पोखराले विभिन्न कार्यक्रमहरू संचालन गरिएको समाचार प्राप्त भएको छ ।

(१) कृष्ण जन्माष्टमी (२९ साउन २०५५)

मैत्री शिक्षा समूहका बाल-बालिकाहरूबाट सामूहिक बुद्ध पूजा र ध्यान पछि रविन्द्र माकजूले कृष्ण जन्माष्टमीबारे जानकारी र विश्व शाक्यले कर्मयोग बारे संक्षिप्त चर्चा ।

(२) राष्ट्रिय बाल दिवस (४ भाद्र २०५५)

३४ औं बाल दिवसको उपलक्षमा मैत्री शिक्षा समूहका बाल बालिकाहरूको समुपस्थितिमा शील प्रार्थना, सामुहिक बुद्ध पूजा र ध्यान कार्यक्रम शुरू गरिएको थियो ।

(३) पुस्तक लोकार्पण (२७ भाद्र २०५५)

कम्तिमा वर्षको एउटा बुद्ध शिक्षामा आधारित पुस्तक प्रकाशन गर्ने मैत्री संघ, पोखराको लक्ष अनुसार यसपटक श्री लंकाका संघ महानायक भिक्षु सद्धातिस्सद्वारा लिखित तथा ललितरत्न शाक्यद्वारा अनुदित "बुद्ध जीवन र दर्शन" नामक पुस्तक प्रकाशित गरी लोकार्पण कार्यक्रम सुसम्पन्न । पोखराका ९४ वर्षीय वयोबृद्ध भिक्षु सुभद्रले लोकार्पण गर्नुभएको उक्त पुस्तक १०८ पृष्ठको रहेको छ ।




*'बुद्धः जीवन र दर्शन' पुस्तक लोकार्पण गर्दै भिक्षु सुभद्र*

(४) बाल बालिकालाई लुगा वितरण (२७ भाद्र २०५५)

लायन्स क्लब अफ पोखरा अन्नपूर्णको प्रायोजनमा मैत्री शिक्षा समूहका ५०/५२ जवान बाल बालिकाहरूलाई Technical Institute of Singapore बाट उपलब्ध भएका कपडा तथा शैक्षिक सामग्रीहरू वितरण गरिएको छ ।

(५) सामूहिक ध्यान तथा बुद्ध पूजा (१० असोज २०५५)

मैत्री शिक्षा समूहका बाल बालिकाहरूलाई बौद्ध विहार तथा गोम्बाहरूमा लगेर सामुहिक ध्यान तथा बुद्धपूजा गराउने सिलसिलामा यस पटक विश्वशान्ति स्तूप अनदूमा कार्यक्रम सुसम्पन्न भयो । ५२ जवान बाल बालिकाहरू र २०/२२ जवान युवा युवतीहरू सहभागी भएको उक्त समूहमा ७ वर्ष देखि १२ वर्ष सम्मका बाल बालिकाहरूको सहभागिता रहेको थियो ।



*मैत्री शिक्षा समूहका बाल बालिकाहरू शान्ति स्तूप अनदूमा सामूहिक ध्यान*

### युवा बौद्ध संघ पोखराका कार्यक्रमहरू

युवा बौद्ध संघ पोखराको तेश्रो वार्षिक उत्सवको उपलक्ष्यमा विभिन्न रचनात्मक कार्यक्रमहरू संचालन गरिएका समाचारहरू प्राप्त भएका छन् ।

(१) **शीपमूलक तालिमः** भाद्र ८-१४ सम्म धर्मशीला बुद्ध विहार नदिपुरमा महिलाहरूको शीप अभिवृद्धि गर्ने उद्देश्यले भुवादार खेलौना बनाउने तालिम संचालन ।

(२) **रक्तदानः** भाद्र १३ गते शनिवार धर्मसंघ बुद्ध विहार मोहरिया टोलमा संचालित रक्तदान कार्यक्रममा १७ वर्ष देखि ५३ वर्ष सम्मका ५ जवान महिला र ५४ जवान पुरुषहरू गरी जम्मा ५९ जवान रक्तदाताहरूले र क्तदान गरेका थिए ।

(३) **पाकशिक्षा प्रशिक्षण कार्यक्रमः** भाद्र १३ गते शाक्य समाज नदिपुरमा संचालित १ दिने पाक शिक्षा प्रशिक्षण कार्यक्रमका प्रशिक्षक नारायण महर्जनले Sweet Corn Soup, Pizza Vege Cutlet & Mushroom Slice परिकारहरू बनाउन सिकाउनु भएको थियो । उक्त तालिममा २० जवान प्रशिक्षार्थीहरूले भाग लिएका थिए ।

(४) **पदस्थापन समारोहः** भाद्र २० गते शाक्य समाज नदिपुरमा संघको कार्य समितिका सदस्य तथा


Downloaded from http://www.dhamma.digital

पदाधिकारीहरूको पदस्थापन गर्ने कार्य सम्पन्न भएको थियो । संघको नव गठित कार्य समिति निम्न अनुसार रहेको बुझिएको छ ।

अध्यक्ष - उत्तममान बुद्धाचार्य, उपाध्यक्ष - प्रकाश उदास, सचिव - विक्रम बुद्धाचार्य, सह सचिव - विमल उदास, कोषाध्यक्ष - सोनी सुवाल । का.का.स. - रन्जन बुद्धाचार्य, शान्तरत्न बज्राचार्य, दयाराम अधिकारी, सुश्री पुनम सि.के., सुनिल उदास, इन्द्र प्रसाद ।

(५) विचार गोष्ठी:

बुद्ध धर्ममा संघको महत्त्व विषयमा विचार गोष्ठीको आयोजना गरिएको थियो ।

### प्रेरणा पुरस्कार वितरण

२०५५ भाद्र २० गते, स्थान: श्री सिद्धि मंगल बुद्ध विहार (सिद्धिपुर) । विहारका अध्यक्ष श्री बुद्धिबहादुर महर्जनको सभापतित्त्वमा परियत्ति शिक्षामा प्रथम र दोश्रो वर्षमा उत्तीर्ण भएका विद्यार्थीहरूलाई प्रेरणा पुरस्कार वितरण समारोह सम्पन्न भएको समाचार छ । जि.वि.स. का सदस्य अष्टमान महर्जनले उद्घाटन गरिएको उक्त कार्यक्रम शील प्रार्थना पछि शुरू गरिएको थियो । विहारका सचिव दामोदर नेम्कुलले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा केन्द्रका अध्यक्ष सुश्री विमला शाक्यले प्रतिवेदन पेश गर्नुभएको थियो । विहार संस्थापक भिक्षु कालुदायी महास्थविर र अष्टमान महर्जनले परियत्तिका शिक्षक तथा उत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार प्रदान गर्नुभएको थियो ।

उक्त कार्यक्रममा परियत्ति शिक्षाको महत्त्व बारे प्रकाश पार्नु हुँदै श्री बखतबहादुर चित्रकार, भू.पू. शिक्षा मन्त्री प्रेमबहादुर शाक्य, जि.वि.स.का सदस्य अष्टमान महर्जन आदिले आ-आफ्नो मन्तब्य प्रकट गर्नुभएको थियो भने केन्द्रका सदस्य ज्ञाणवती गुरुमाँले उपस्थित सबै सहभागीहरूलाई धन्यवाद दिनुभएको थियो ।

उक्त कार्यक्रममा विद्यार्थीहरूद्वारा स्वागतगान, मट्ट कुण्डलीको कथा र शाक्यसिंह परियत्तिका विद्यार्थीहरूबाट एउटा नृत्य पनि प्रस्तुत गरिएको थियो ।

### बौद्ध जागरण तथा लामा प्रशिक्षण शिविर

**सिन्धुली ।** २०५५ आश्विन ५ गते देखि ९ गते सम्म हिमालय बौद्ध संस्था काठमाडौं र नेपाल तामाङ्ग घदुङ (संघ) सिन्धुली तथा ओर्ग्यन छोस्लिङ् गोम्पाको संयुक्त आयोजनामा प्रथम अंचलब्यापी बौद्ध जागरण तथा लामा प्रशिक्षण शिविर संचालन गरिएको समाचार छ । वरिष्ठ प्रशिक्षक खेनपो ङवाङ् वोशेर लामाको नेतृत्त्वमा संचालित उक्त शिविरमा उहाँले लामा भाषा र चतुआर्य सत्यको आधारमा लेखेको "काजोगपा क्षेनपो कोनक्षोग च्यिदुकी थुनमोङ् क्षीइ डोनडो" अर्थात् महासीन्ध एकीकृत त्रिरत्नका पूर्वाभ्यास नामक पुस्तकको विस्तारपूर्वक ब्याख्या गर्नुभएको थियो । लामा गुरुज्यूले शिविरमा प्रशिक्षार्थीहरूले सोधिएका प्रश्नहरूको सरल तरीकाले यसरी उत्तर पनि दिनुभएको थियो–

***प्रश्न नं. १ – तामाङ्ग परिवारमा दुःख पर्दा नून बार्नु पर्ने, पुरुषहरूको कपाल काट्नु पर्ने र सेतो लुगा लगाउनु पर्ने आदि चलन छ । यो हाम्रो बौद्ध धर्म अन्तरगतको संस्कार हो गुरुज्यू ?***

**उत्तर** – होइन । यो चलन अर्काको बानी सिकेर आएको अन्धविश्वास चलन मात्र हो । बुद्ध शिक्षामा स्त्री पुरुष दुवै समान छन् । त्यसैले जुठो लाग्छ भने स्त्री पुरुष दुवैलाई समान रूपमा लाग्छ । त्यसैले पुरुष जातीले मात्र होइन स्त्री जातीले पनि कपाल काट्नु पर्छ ।

***प्रश्न नं. २ – हाम्रो तामाङ्ग समाजमा मृत्यु संस्कार गेवा गर्ने काममा एकरूपता देखिँदैन । कुनै लामाले भैंसी मारेर गेवा गर्ने गर्छ भने अर्को थरीले त्यसो गर्नु हुन्न भन्छ । रिन्पोछे । यसमा कुन ठीक र कुन बेठीक हो ?***

**उत्तर** – काटमार गरेर गेवा (धर्म) गर्ने चलन म्लेच्छको परम्परा हो । अन्धविश्वास र कुसंस्कार हो यो । बौद्ध धर्म शान्ति र अहिंसावादी हो । त्यसैले बौद्ध धर्ममा त्यसरी काटमार गरेर गेवा गर्ने चलन छैन ।

***प्रश्न नं. ३ – रिन्पोछे । हाम्रो तामाङ् समाजका स्त्रीहरूले पनि नाक छेर्ने गरेका छन् । यो पनि हाम्रो बौद्ध परम्परा अनुकूल छ वा छैन ?***

**उत्तर** – मेरो विचारमा यो बौद्ध परम्परा होइन । यो शासक वर्गले लादेको कुलक्षण मात्र हो जस्तो लाग्छ । हामी मंगोल मूलका मानिसहरू फाग्पा च्यान्‌्यगिज (आर्य लोकेश्वर) र जेचुन डोल्मा (आर्यतारा) का सन्तान हौं । हाम्रा दिदी-बहिनी भनेको जेचुन डोलमाका प्रतिरूप हुन् । बौद्ध परम्परा अनुकूल कुनै पनि देवीले नाक छेडेको हुँदैन ।

शिविरको समापन समारोहमा खेनपो गुरुले सहभागी लामाज्यू र अन्य भक्तजनहरूलाई प्रमाण पत्र वितरण गरिएको थियो । उक्त समापन समारोह आयोजक समितिको अध्यक्षको अध्यक्षतामा सम्पन्न भएको थियो ।

### शस्त्र अस्त्र परित्याग दिवस

२०५५ असोज १५ गते । विजया दशमीको दिनमा सम्राट अशोकले शस्त्र अस्त्र परित्याग गर्नुभएको संस्मरणमा तमु बौद्ध सेवा समिति भवन नेपाल गौतम बुद्ध मार्ग, अनामनगरमा थेरवाद बौद्ध दायक केन्द्रिय परिषदको आयोजनामा र बखत बहादुर चित्रकारको सभापतित्त्वमा २२६० औं शस्त्र परित्याग दिवस एक दिने विचार गोष्ठी गरी मनाइएको समाचार छ ।



Downloaded from http://www.dhamma.digital

महान विजया दशमीको घटना र परिवेशबाट शिक्षालिई सबैले आफ्नो बाँकी जीवन सम्यक आजीविका गरी बिताउन सकोस् भन्ने लक्ष लिई कृष्ण कुमार प्रजापतीद्वारा संचालित उक्त कार्यक्रममा डा. श्री सानुभाई डंगोलले शस्त्र परित्याग दिवस के, किन र कसरी मनाउने भन्ने विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने उक्त कार्यपत्र बारे श्री सुवर्ण शाक्यले टिप्पणी गर्नुभएको थियो ।

भिक्षु छवीकीर्ति समक्ष पंचशील प्रार्थना गरी सुरु गरिएको उक्त कार्यक्रममा धर्मचक्र विहारका उपासकोपासिकाहरूद्वारा बुद्ध प्रार्थना गरिएको थियो भने विष्णु शाक्यले स्वागत भाषण गर्नुभएको थियो । चेतनमाला भजन समूहको तर्फबाट भजन गाइसकेपछि धम्मवती गुरुमां, ङवाङ वोसेर लामा र धर्मरत्न तुलाधर ले शस्त्र परित्याग दिवसको महत्त्व र ऐतिहासिक घटना बारे आ-आफ्नो मन्तव्य ब्यक्त गर्नुभएको थियो ।

### अन्तर्राष्ट्रिय विचार गोष्ठि

२०५५ अशोज १, २ र ३ गते । नेपाल मगर संघको आयोजनामा मगर समाज र धर्म तथा मगर समाज र कर्मकाण्ड विषयक अन्तर्राष्ट्रिय विचार गोष्ठि गरिएको समाचार छ । उक्त गोष्ठिमा एम एस थापा मगरले मगर समाज र बौद्ध धर्म विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यपत्रलाई अध्ययन गरिसकेपछि सो गोष्ठीको भेलाले मगर जातीको धर्म बौद्ध धर्म नै हो भन्ने कुरो स्वीकार गरियो ।

सो गोष्ठिमा नेपाल अधिराज्यका मगर संघका प्रतिनिधिहरू, प्रबुद्ध मगरहरू, सिक्किम, दार्जिलिङ्ग र भुटानका मगर प्रतिनिधिहरूले भाग लिएका थिए । अब सकेसम्म छिटो नेपाल बौद्ध मगर संघ गठन गरिने भएको छ । विगत दुई चार बर्ष अगाडि देखि नै बुटवल, भैरहवा, कपिलवस्तु, नवलपरासी र तनहुँमा मगरहरूले बौद्ध धर्म अनुसार सामाजिक कर्मकाण्ड पनि प्रचार गरिसकेका छन् भने धेरै ठाउँहरूमा मगरहरूले बुद्ध धर्म अनुसार सामाजिक कर्मकाण्ड पनि प्रचार गरिसकेका छन् । उक्त गोष्ठि झापा जिल्लाको विर्तामोडमा सम्पन्न भएको थियो ।

### लुम्बिनीमा कठिन चीवर दान

२०५५ आश्विन २२ गते । स्थान - बुद्ध जन्मभूमी, लुम्बिनी । बुद्ध जन्मभूमी लुम्बिनीमा वर्षाबास बस्नुहुने पूज्य भिक्षु विमलानन्द र वर्मी विहारमा वर्षावास बस्नुहुने पूज्य भिक्षु उ धम्मानन्दको वर्षावास पूरा भएको उपलक्षमा धर्मकीर्ति विहार काठमाडौंको तर्फबाट धम्मवती गुरुमां र धर्मकीर्ति कीर्तिमैत्रा पुच:को संयुक्त आयोजनामा कठिन चीवर दान कार्यक्रम समापन गरिएको छ । ५,६ जवान ज्यापुनी बालीकाहरूले धिमे बाजा बजाई लुम्बिनी क्षेत्रमा नगर परिक्रमा गरी संचालन गरिएको उक्त कार्यक्रमको परिक्रमा अवधिभर जुलुसका सहभागीहरूले "जय नमो श्री बुद्ध भगवान" को ऐतिहासिक भजन गाएका थिए । नगर परिक्रमा पछि कठिन चीवर दान, धर्मदेशना, भिक्षु र गुरुमांहरूलाई भिक्षा दान र भोजन दान पछि उपासक उपासिकाहरूलाई पनि भोजन गराई कार्यक्रम सम्पन्न गरिएको थियो ।

उक्त कार्यक्रममा बर्मी राजदूत सहित काठमाडौं, तान्सेन, पाल्पा र भैरहवा आदि विभिन्न स्थानहरूबाट गरी लगभग ५०० जवान उपासक उपासिकाहरूले भाग लिएका थिए ।

### नेपाल अधिराज्यका विभिन्न स्थानहरूमा कठिन दान

वर्षावास पूरा भएको उपलक्षमा नेपाल अधिराज्यका विभिन्न स्थानहरूमा कठिन दान महोत्सव क्रमबद्ध रूपले यसरी सम्पन्न भएको समाचार प्राप्त भएका छन् ।

| | मिति | विहारको नाम | स्थान |
|---|---|---|---|
| १. | २०५५ आश्विन २० गते | शाक्य सिंह विहार | थैना, ललितपूर |
| २. | २०५५ आश्विन २१ गते | गण महाविहार | काठमाडौं |
| ३. | २०५५ आश्विन २२ गते | नगर मण्डप | कीर्तिपूर |
| ४. | २०५५ आश्विन २४ गते | आनन्दकुटी विहार | स्वयम्भू, काठमाडौं |
| ५. | २०५५ आश्विन २५ गते | जितापुर गन्धकुटी विहार | खोना, ललितपुर |
| ६. | २०५५ आश्विन २६ गते | संघाराम | ढल्को, काठमाडौं |
| ७. | २०५५ आश्विन २८ गते | जितवन बौद्ध विहार | थानकोट, शोनितपुर |
| ८. | २०५५ आश्विन ३१ गते | अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र | शंखमूल, काठमाडौं |
| ९. | २०५५ कार्तिक १ गते | श्रीघ: विहार | काठमाडौं |
| १०. | २०५५ कार्तिक २ गते | वेलुवन विहार | ठिचो |
| ११. | २०५५ कार्तिक ७ गते | प्रणिधिपूर्ण विहार | बलम्बु |
| १२. | २०५५ कार्तिक ८ गते | मणी मण्डप विहार | ललितपुर |
| १३. | २०५५ कार्तिक ९ गते | धर्मचक्र विहार | काठमाडौं |
| १४. | २०५५ कार्तिक १० गते | मुनी विहार | भक्तपुर |
| १५. | २०५५ कार्तिक १२ गते | ध्यानकुटी विहार | बनेपा |
| १६. | २०५५ कार्तिक १३ गते | सुमंगल विहार | ललितपूर |
| १७. | २०५५ कार्तिक १४ गते | विश्वशान्ति विहार | नयाँ बानेश्वर, काठमाडौं |
| १८. | २०५५ कार्तिक १५ गते | पूर्वाराम विहार | धुलिखेल |
| १९. | २०५५ कार्तिक १६ गते | बोधि चर्या विहार | बनेपा |
| २०. | २०५५ कार्तिक १७ गते | पद्मसुगन्ध विहार | मजिपात |

२०५५ कार्तिक १४ गते विश्व शान्ति विहार, नयाँ बानेश्वरमा कठिनोत्सवको साथसाथै भिक्षु ज्ञानपूर्णिक महास्थविरको ५९ औं जन्मोत्सवको उपलक्षमा पुस्तक र पत्रिका विमोचन कार्य सम्पन्न भएको समाचार छ । सो कार्यक्रमका लागि मिति २०५५ कार्तिक ७ गते देखि १३ गते सम्म विभिन्न अतिरिक्त



Downloaded from http://www.dhamma.digital

कार्यक्रमहरू सम्पन्न गरिएको र पूज्य भिक्षुहरूबाट पाठ र धर्मदेशना पनि गरिएको थियो ।

धम्म संगणिपाठ गर्नुभएका भिक्षुहरू:–

भिक्षु बुद्धघोष, भिक्षु सुमेध, भिक्षु बोधिसेन, भिक्षु निग्रोध, भिक्षु अश्वघोष, भिक्षु गुणघोष, भिक्षु धर्मशोभन, भिक्षु शील भद्र, भिक्षु कुमार काश्यप, भिक्षु तपस्सीधम्म, भिक्षु कोण्डञ्ञ, भिक्षु प्रज्ञाज्योति, भिक्षु ज्ञानपूर्णिक र भिक्षु बोधिज्ञान आदि ।

धर्मदेशना गर्नु भएका भिक्षुहरू:–

भिक्षु बुद्धघोष महास्थविर, भिक्षु बोधिसेन महास्थविर, भिक्षु अश्वघोष महास्थविर, भिक्षु धर्म शोभन महास्थविर, भिक्षु कुमारकाश्यप महास्थविर, भिक्षु कोण्डञ्ञ र भिक्षु ज्ञानपूर्णिक महास्थविर आदि ।

उक्त साप्ताहिक कार्यक्रममा विश्वशान्ति बौद्ध शिक्षालयका विद्यार्थीहरूको तर्फबाट प्रवचन गोष्ठी, वाद विवाद, चित्रकला प्रतियोगिता र हाजिरी जवाफ प्रतियोगिता आदि कार्यक्रमहरू पनि संचालन गरिएको थियो ।

सो दिन श्रद्धेय आचान सुमेधो (लण्डन) को तर्फबाट धर्म देशना भएको थियो ।

### बुद्ध बिहार धरान ८ को बौद्ध गतिविधि

**प्रव्रज्या समारोहः**

गत गुँला धर्मारम्भमा भिक्षु जटिल भन्तेज्यूद्वारा विभिन्न व्यक्तिहरूलाई प्रव्रज्या समारोह यसरी संचालन गर्नु भएको समाचार प्राप्त भएको छ ।

(१) ४ जवान ऋषिनीहरूलाई अनगारिका प्रव्रज्या ।

(२) श्री कीरण मोक्तान र सुधीर मोक्तानलाई श्रामणेर प्रव्रज्या ।

(३) नर्मदा अधिकारी र श्रीमती कृष्ण प्यारी ताम्राकारलाई ऋषिनी प्रव्रज्या ।

उक्त कार्यक्रममा बर्माबाट आउनु भएका भिक्षु चन्द्रमुनी समक्ष शील प्रार्थना र भिक्षुद्वारा धर्म देशना गर्नु भएको थियो भने भिक्षु जटिलद्वारा प्रतित्य समुत्पादको उपदेश दिनु भएको थियो ।

**बर्षावास चीवर दानः**

बर्माबाट पाल्नु भएका भिक्षु चन्द्रमुनि र भिक्षु जटिल द्वारा बुद्ध बिहार धरान ८ मा वर्षावास बस्नु भई पूरा भएको उपलक्षमा आश्वीन २० गतेका दिन चीवर दान उत्सव भव्यरूपमा मनाइयो । श्रीमती विष्णु देवी श्रेष्ठको अध्यक्षतामा र जिल्ला उपसभापती श्री बंशी मोक्तानज्यूको प्रमुख आतिथ्यमा संचालित उक्त कार्यक्रममा धरानका सबै जसो धार्मिक संध संस्था, गुम्बा, महाविहार चैत्य र अन्य विद्यालयका प्रतिनिधिहरू र इटहरी विराटनगर झापा लेटांग सम्मका श्रद्धालु भक्तजनहरूको सहभागिता रहेको थियो ।

पञ्चशील प्रार्थना पछि सुरु गरिएको उक्त कार्यक्रमको संचालन श्रीमती कृष्ण प्यारी ताम्राकारज्यूले गर्नु भएको थियो भने श्री के बी मोक्तानज्यूले स्वागत भाषण गर्नु भएको थियो ।

उक्त कार्यक्रममा भिक्षु जटिलले वर्षावासको कारण र कठीन चीवर दानको महत्त्व बारे विस्तृत व्याख्या गर्दै भन्नुभयो - "नेपालमा जन्मनुभएका बुद्धले कहिल्यै नमर्ने र नचोरिने अमूल्य फुलको बोट रोपेर फुलाउनु भएको थियो । तर दुःख लाग्दो कुरो, नेपालीहरूले त्यसलाई भव्य रूपमा फुलाउन सकेका छैनन् । तर अचम्म र खुशीको कुरो यो हो, जुन देशमा बुद्ध जन्मनु भएको थिएन, ती देशका नागरिकहरूले बुद्धले दिनु भएको शिक्षा रूपी फूल फुलाउन सफल भएका छन् ।

कार्यक्रमको अन्त्यमा सभापती श्रीमती बिष्णु देवी श्रेष्ठले कार्यक्रममा सहभागी सबैलाई धन्यवाद दिनुहुँदै सभा विसर्जन गरियो ।

### जापानी भिक्षुणीबाट नेपालमा थेरवादी दीक्षा ग्रहण

२०५५ आश्विन ६ गते । स्थान - सुलक्षण कीर्ति विहार, चोभार । जापानका तोन्दाई सेक्ट जनरल हेडक्वाटर्स हिजान इनज्याकुजी मन्दिरकी शिष्या भिक्षुणी जेन्सी इटोले भिक्षु अनिरुद्ध महास्थविर समक्ष चोभार स्थित नवनिर्मित सुलक्षण कीर्ति बिहारमा एक समारोह बिच बुद्ध शिक्षा ग्रहण गर्नु भएको समाचार छ ।

प्राप्त समाचार अनुसार जापानकी राजकुमारी मिचिको इटोकी छोरी जेन्सी इतोले अमेरिकाबाट उच्च शिक्षा हासिल गर्नु भएको थियो ।

धर्मकीर्ति विहारकी शिष्या (हाल सुलक्षण कीर्ति विहार निर्माण कार्यमा कार्यरत) भिक्षुणी अनोजाले भन्नुभयो "केही बर्ष अघि भारतको नागपुरमा फुलनदेवीले बुद्ध शिक्षा पञ्चशील प्रार्थना गरेको समारोहमा धम्मवती गुरुमां संग भाग लिन गएको बेला देखि जापानी राजकुमारी मिचिको इटोसंग परिचय भएको थियो । त्यसबेला देखि उहाँसंग परस्पर सम्बन्ध कायम भइरहेको थियो । त्यतिबेला भारतमा सम्पन्न भएको सो समारोहको लागि राजकुमारी मिचिको इतोले प्रशस्त खर्च गर्नु भएको थियो ।" उहाँले आफ्नो मन्तव्य ब्यक्त गर्ने क्रममा भन्नुभयो - "सबै दाताहरूको मैत्री पूर्ण सहयोगले सुलक्षण कीर्ति बिहार निर्माण भएको खुशीको कुरा हो । तैपनि स्कूल स्थापना गर्ने लक्ष्य एउटा भने पूरा हुन सकेको छैन । यस लक्ष्यलाई पनि सबैले सहयोग गरी पुरा गर्नु हुनेछ भन्ने आशा राखेकी छु ।" मन्तब्य ब्यक्त गर्ने क्रममा भिक्षुणी धम्मवतीले भन्नुभयो- "धर्मकीर्ति विहारबाट शिक्षा प्राप्त गरी हुर्केकी अनोजा



Downloaded from http://www.dhamma.digital

हालसम्म पनि बुद्ध शिक्षा प्रचार गर्ने उद्देश्य र हौसला बोकी अगाडि बढीरहेको खुशीको कुरो हो । यस कार्यलाई अझ लगनशीलता पूर्वक बुद्ध शिक्षाको आधारमा संयमी बन्दै अगाडि बढाउन सकोस् भन्ने कामना गर्दछु ।

अर्का वक्ता सांसद कृष्ण गोपालले भन्नु भयो- "चोभार स्थित सुलक्षण कीर्ति विहार निर्माण भएकोले यस इलाकालाई हानी र नोक्सानी होइन बरू ठूलो फाइदा पुगेको देखिन्छ ।"

थेरवादी परम्परा अनुसार दिक्षीत भए पछि "महामाया देवी" नामले नामाकरण भएकी सुश्री जेन्सी इतोले जापानमा नेपालको स्वयम्भू शैलीमा स्तूप बनाउने र सो स्तूपको उद्घाटन बौद्ध राजपरिवारबाट नै गराउने इच्छा प्रकट गरेकी थिइन् ।

यस कार्यक्रममा उपस्थित सबै सहभागीहरू लगायत कार्यक्रमका सहयोगी कार्यकर्ताहरूलाई भीमबहादुर श्रेष्ठले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

**भिक्षु अश्वघोष महास्थविरको सफल भ्रमण**

अन्तर्राष्ट्रिय बौद्ध प्रगति संघ टोरन्टो क्यानाडाको निमन्त्रणामा मिति २८ सेप्टेम्बर १९९८ देखि ४ तारीख अक्टोवर सम्म क्यानाडामा संचालित पाँचौं अन्तर्राष्ट्रिय विहार सेमिनार र बुद्धको ज्योति अन्तर्राष्ट्रिय संघको सातौं साधारण सम्मेलन (5th International Monastic Seminar and Buddha's Light International Association 7th Conference) मा भाग लिनुभई भिक्षु अश्वघोष महास्थविर र धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका कार्यकारिणी सदस्य बरदेश मानन्धर सकुशल फर्कनु भएको छ ।

प्राप्त समाचार अनुसार उक्त सेमिनार र सम्मेलन मा २१ औं शताब्दीमा बुद्धको शिक्षा कसरी प्रचार गर्ने, धर्म प्रचारक व्यक्तिहरूमा के कस्ता योग्यताहरू हुनुपर्छ, धर्मप्रचार गर्ने कार्यमा भिक्षुहरूको देन के कस्तो थियो, महिलाहरूलाई भिक्षुणी दीक्षा दिने कार्यक्रममा निरन्तरता ल्याउनु पर्ने आदि विषयहरूमा व्यापक छलफल भएको थियो ।

BLIA को उक्त भव्य सम्मेलनमा २७ वटा राष्ट्रहरूबाट लगभग २००० जवान भन्दा बढि प्रतिनिधिहरूले भाग लिएको चर्चा छ । विश्व बौद्ध सम्मेलन भन्दा बढि सफल ठानिएको उक्त सम्मेलनमा प्रस्तावित कार्यक्रमहरूलाई कार्यान्वयन गर्ने तर्फ ध्यान दिइनु अति महत्वपूर्ण विषय भएको पनि चर्चा छ ।

उक्त सम्मेलनमा आनन्दकुटी विद्यापीठका प्र.अ. रत्न बहादुरले पनि भाग लिनुभएको थियो ।

**सुनागुठी यलय् भिक्षा दान ज्या ज्व:**

२०५५ साल आश्वीन ३ गते शनिवार चतुर्दशी खुन्हु सुंथेसिया ७ ता: इलेनिसे ९:३० ता: ईतक श्री बौद्ध जन विहार सुनागुठी यलपाखें धर्म कीर्ति विहार, नघ: यें या श्रद्धेय भिक्षुणी धम्मवती नाप भिंन्याम्ह भिक्षुणी पिंत सुनागुठी गाँया सकल बौद्ध उपासक - उपासिका पिंसं श्रद्धातस्य भिक्षा दान याकेगु ज्या ज्व: क्वचा:गु समाचार दु । उगु ज्याज्व:लय् भिक्षुणी धम्मवतीं बौद्ध जन विहार या उपासक - उपासिकापिंत धर्म देशना नं याना बिज्यात । अन्तय् गुरुमापिंत बौद्ध जन विहार पाखें भोजन दान याय्गु ज्या नं सम्पन्न जुल ।

"फुक्क दानयासिनं धर्म दान त: धं"

**"अभिधम्म अध्ययन समाज नेपाल"**

२०५५ भाद्र २७ गते, स्थान- बुद्ध विहार, भृकुटि मण्डप । भगवान बुद्धं प्रतिपादन याना बिज्या:गु बौद्ध धर्म ग्रन्थ "त्रिपिटक" मू दर्शन "अभिधम्म पिटक" ब्वनेगु, थुइक्यगु व सकसिनं थुइकथं प्रकाशन याय्गु तातुना: "अभिधम्म अध्ययन समाज नेपाल" या विधिवत् स्थापना जूगु खँ भाजु प्रेमलाल चित्रकारं छगू ज्याज्व:ले घोषणा यानादिल ।

उगु ज्याज्व:ले बुद्धया अनित्य, दु:ख अनात्माया बिषले बाँलाक जुइकेगु निंति अभिधम्मया अध्ययन तसकं योगदान जुइफइगु खँयात ब:बिसें भिक्षु ज्ञानपुर्णिक महास्थविर, भिक्षु बुद्धघोष महास्थविर, धम्मवती गुरुमां, राजपरिषदया दुज: जयप्रकाश, भुवनलाल प्रधान व भक्ति दाश श्रेष्ठपिसं न्ववानादिल ।

भिक्षु सुमङ्गल महास्थविरया सभापतित्वे जूगु थुगु ज्याज्वले रोशन तुलाधरं लसकुस न्वचु व जनक नेवा:जुं ज्याज्व: न्ह्याकादीगु ख: ।

**बोधिज्ञान पुस्तकालय उलेज्या व बोधिज्ञान दपौया विमोचन**

बुद्ध धर्मया उपासक अले भाषा सेवी मानदास तुलाधर व जहान मय्जु धनमायापिनि इच्छा व लुमन्तिइ नीस्वंगु "मानदास बुद्ध बोधिज्ञान फाउण्डेसन" या छैं व फाउण्डेसनं संचालन याइगु बुद्ध धर्मया सफूत जक तया चायेकीगु "बोधिज्ञान पुस्तकालय" या उलेज्या थ्व हे २०५५ भाद्र २७ गते शनिवार किम्डोल स्वयम्भूई संघनायक भिक्षु अनिरूद्ध महास्थविर पाखें सम्पन्न जुल । वसपोलं मानदासनाप गांगामे चाह्यूवनागुया लुमन्ति नं कना बिज्यात ।

थुगु हे ज्याज्व:स सोभियतरत्न तुलाधरया सम्पादनय् फाउण्डेसनं पिथंगु "बोधिज्ञान" दँ पौ या बिमोचन भिक्षु अश्वघोष महास्थविरं याना बिज्यात । वसपोलं मानदास नाप थ:गु सम्बन्धया लुमन्ति प्वंकुसे पत्रिकाया निरन्तरतायानं कामना याना बिज्यात समारोहस



Downloaded from http://www.dhamma.digital

मानदास तुलाधरया जीवनी च्वमि मदनसेन वज्राचार्य मानदासया जीवनीयात बुद्धधर्म उपासक, लोक मे मुनामी, समाज सेवी व भाषा सेवी धका प्यंगु प्रकारं स्वयेज्यू धया दिल। थुकथं हे भाषा सेवी व कवि नातिवज्र वज्राचार्य थ:गु नेपालभाषाया सफूपस: मानदासया ह:पा व सहयोगं हे जन्मे जूगु ख:, थ:त वयकलं बियाचूगु थुगु अंशप्रति थ: म्वात्तले ऋणी जुया धैदिल।

फाउण्डेसनया महासचिव सोभियत रत्न तुलाधरं सुगतदास तुलाधर व परिवार पाखें प्राप्त जूगु ४ आना २ दाम जग्गाय् चन्दादाता पिनिगु ग्वाहालिं रु. ६,७६,७७२/- खर्च याना निगू तल्ला दयेके धुनागु खँ कना दिल।

फाउण्डेसनया अध्यक्ष व मानदासया काय् भाजु सुगतदास तुलाधरं सभापतिया थासं नवासे सकस्यां छेंय दुगु पुलांपुलांगु बुद्धधर्मया सफूत मानदासजुं मुनात:गु बुद्धधर्मया सफूत तया चायेकागु बोधिज्ञान पुस्तकालय्स बिया: सहयोग यायेत सकसितं इनाप यानादिल। त्रिरत्न तुलाधरं स्वागत न्वचू व्यूगु उगु ज्याझ्व: या संचालन डा. केशरीलक्ष्मी मानन्धरं याना च्यूगु ख:। ज्याझ्व:या दकलय् लिपा अलिख नेपाल भिक्षु महासंघया अध्यक्ष भिक्षु कुमार काश्यप महास्थविरं पुण्यानुमोदन याना बिज्या:गु ख:।

**भिक्षु बुद्धघोष महास्थविरिया ७८ दँ बुदिं**

२०५५ आश्विन १६ गते। सुमंगल विहारे, सुमंगल बौद्ध संघ लुंखुसी यलया आयोजनाय् पूज्य भिक्षु बुद्धघोष महास्थविरया ७८ दँ बुदिं झझ: धायक क्वचा:गु समाचार दु।

ललितपुर उपमहानगरया प्रमुख श्री बुद्धिराज वज्राचार्यया प्रमुख आतिथित्वे सम्पन्न जूगु उगु ज्याझ्व: शील प्रार्थना, बुद्ध पूजा, अनगारिका पिनि पाखें मंगल पाठ व जयमंगल गाथा पाठ याना: शुरु या:गु ख:।

उगु ज्याझ्वले आ:तक नेपाल बौद्ध परियत्ति शिक्षाय् कोविद् उत्तीर्ण जूपिन्त भिक्षु बुद्धघोष महास्थविर पाखें उपहार प्रदान, सुमंगल विहार पुन: निर्माणया लागि विशेष गुहाली ब्यूपिं स्वम्ह व्यक्तिपिन्त सुमंगल बौद्ध संघ पाखें साधुवाद पत्र व दोसल्ला न्येकेगु ज्याझ्व:, प्रमुख अतिथि भाजु बुद्धिराज बज्राचार्य पाखें भिक्षु बुद्धघोष महास्थविरया जीवनी सफू विमोचन, भाजु बुद्धिराज बज्राचार्य व भाजु महेन्द्ररत्न शाक्य पाखें मन्तव्य, भिक्षु ज्ञानपूर्णिक महास्थविरया पाखें धर्म देशना, दान प्रदान, भन्ते गुरुमाँपि व उपासकोपासिका पिन्त भोजन प्रदान यासे ज्याझ्व: क्वचाय्कूगु ख:।

## अनित्यावत संस्कारा



बुदिं :
वि.सं. १९७६ मंसिर ३० गते

मदुगु दिं :
वि.सं. २०५५ भाद्र ११ गते

## स्व. ज्ञानमाया तुलाधर

न्यत पस:नती (नरदेवी)

**जिमि मां ज्ञानमाया तुलाधर संसारया अनित्य स्वभावयात क्यना: दिवंगत जुयादीगुलिं वयक:या पुण्य स्मृती झी सकसिनं अनित्य ज्ञानयात थ्वीका काय् फयमा धका आशिका याना।**

म्हचाय् : पद्मतारा तुलाधर

**न्यत पस:नती (नरदेवी)**



Downloaded from http://www.dhamma.digital

छलफल कार्यक्रमका सदस्यहरू आज ढीला उपस्थित भएपनि उनीहरूको उपस्थिती सन्तोषजनक नै देखिएको छ। एकजना नौलो सदस्यले आफ्नो परिचय दिँदै भन्नुभयो– "म खोकनाबाट आएको सदस्य हुँ। गत आश्विन २५ गते खोकनाको एक विहारमा धार्मिक कार्यक्रम एउटा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा उपस्थित भएका उपासक उपासिकाहरूको माझमा "कठिन उत्सव" र (वर्षावासको उपलक्ष्यमा दान दिइने "कठिन चीवर" को विषयमा चर्चा भएको थियो । उक्त विषयमा केही जानकारी लिने मौका पाएपछि मैले एउटा नियम ज्यादै राम्रो लागेको महशूस गरें । त्यो हो, – "कठिन चीवर दान दिंदा ब्यक्ति विशेषलाई होइन संघलाई दिने नियम रहेछ।" यसको कारण बुझिलिंदा थाहा पाइयो – सामुहिक दानको महत्त्व बढी छ रहेछ। यस विषय राम्रै लागे पनि यसबारे विस्तृत तथ्य भने बुझ्न सकिराखेको थिएन। त्यसैले यसबारे राम्ररी बुझ्न पाइन्छ कि भन्ने इच्छाले म यहाँ आएको छु। वर्षावास र कठिन चीवर दान बारे अलि स्पष्ट बुझिने तरिकाले प्रकाश पारिदिनु भए बेश हुने थियो।

यस प्रश्नलाई सुनी आयोजकहरू मध्ये एकजनाले भन्यो – आज त ज्यादै गम्भीर र लामो प्रश्न उठियो। तर हामीलाई भने यसबारे राम्रो ज्ञान छैन । मेघदूतज्यूलाई यस विषयमा राम्रो ज्ञान छ कि ?

मेघदूतज्यूले भन्नुभयो – मैले कतिपय विहार हरूमा सम्पन्न भएको कठिन उत्सवहरूमा भाग लिई आफूले जानेबुझेको आधारमा यस बारे प्रकाश पारिदिन चाहन्छु । तर तपाईंहरूले अलि धैर्यपूर्वक सुनिदिन अनुरोध गर्दछु। किनभने यो विषय नै अलि लामो छ।

"वर्षावास" र "कठिन चीवर दान" भनेको भिक्षुहरूको नियम सम्बन्धि पुण्य कार्य हो। भगवान बुद्धले भिक्षुहरूको लागि वर्षावास बस्नु पर्ने नियम बनाइनुको पनि कारण छ। हुनत यो अपवाद स्वरूप बनाइएको नियम हो । साधुहरूले वर्षायामको ३ महिनासम्म एउटै स्थानमा बिताउने गर्छन्। किनभने वर्षायामको पानी परिरहेको बेला खेतहरूमा थुप्रै कीराहरू निस्किरहन्छन् । बुद्धकालिन समयमा आजभोलीको जस्तो पीच गरिएका सडकहरू कहाँ पाउनु ? भिक्षुहरू धर्म प्रचारार्थ गाउँ गाउँमा चारिका गर्न जानु हुन्थ्यो। उहाँहरू खेतको आलीबाट जानु हुँदा थुप्रै धानबालीहरू नास हुन्थे भने थुप्रै कीराहरू पनि कुल्चिएर मर्थे। यो दृश्य देखेपछि जैन साधुहरू लगायत अन्य मानिसहरूले भिक्षुहरूलाई आलोचना गर्दै कराउन थाले – "बुद्धका यी शिष्य भिक्षुहरू पनि कस्ता रहेछन्, वर्षाकालमा पनि चारिका गर्दा रहेछन् ।" यस्ता अपवादहरू सुनेर बुद्धले भिक्षुहरूलाई वर्षाकाल तीन महिना एकै स्थानमा रहनु पर्ने नियम बनाउँदा केही बेफाइदा छैन बरू यस नियमले निम्न लिखित फाइदाहरू पनि प्राप्त हुने छ।

१. वर्षाबाट बचेर निरोगी हुनु।
२. एकै स्थानमा ३ महिनासम्म बस्दा ध्यान भावनाको अभ्यास गर्न सकिने।
३. यसरी ३ महिनासम्म एकै ठाउँमा रहेपछि गृहस्थीहरूलाई राम्ररी धर्मदेशना गर्न सुविधा मिल्ने।
४. वर्षाकालमा चारिका गरियो भन्ने अपवादहरूबाट बच्न सकिने।

यी फाइदाहरूलाई विचार गरी आषाढ पूर्णिमा देखि आश्विन पूर्णिमासम्म जम्मा ३ महिनासम्म वर्षावास बस्नुपर्ने भनी बुद्धले बनाइदिनु भएको नियमलाई भिक्षुहरूले पालन गर्दा गर्दै उहाँहरूलाई अर्को समस्या आउन थाल्यो । किनभने वर्षावास बसेपछि भिक्षुहरू बाहिर जान पाएनन्। फलस्वरूप उहाँहरूका आमा बुबा बिरामी हुँदा पनि हेरविचार गरी सेवा पुऱ्याउन आफ्नो घर जान पाउनु भएन। फेरि अर्को अपवाद आउन थाल्यो – कस्तो नियम हो त्यो, आफ्नै आमा-बुबा बिरामी पर्दा पनि सेवा गर्न नपाउनु र धर्म पिपासु श्रद्धालुहरूलाई धर्म सम्बन्धि ज्ञान दिन जान पनि नपाउनु।

यी अपवादहरू बुद्धले सुन्नु भएपछि रूढीबादीका विरोधी र प्रजातन्त्रवादी बुद्धले फेरि यसरी नियममा परिवर्तन ल्याउनु भयो – वर्षावास बसिसकेपछि भिक्षुहरूले वर्षावासको ३ महिना अवधि भित्र पनि


Downloaded from http://www.dhamma.digital

आफ्ना आमा-बुबा बिरामी पर्दा बिरामी सेवा गर्नको लागि घर जान मिल्छ र धर्म प्रचारार्थ बाहिर जान मिल्छ। तर सात दिन भित्र फर्किनु पर्छ।"

३ महिना अवधिभरको वर्षावास सिध्याएर वर्षाकाल पछि आफ्ना गुरु बुद्धलाई दर्शनार्थ थुप्रै भिक्षुहरू जानुहुँदा वर्षात्को पानीले भिजेर उहाँहरूको चीवर वस्त्रमा हिलै हिलो लाग्यो र शरीर पानीले निथ्रुक्क रूझियो। त्यो बेला भिक्षुहरूसंग सीर्फ तीनवटा मात्र चीवरहरू साथमा थिए। भिजेको चीवर फेर्न जगेडा चीवर थिएन। यही कारणले गर्दा बुद्धले वर्षावास बसेको भिक्षुलाई कठिन चीवर दान दिने नियम बनाइदिनु भयो।

तर पछि हुँदा हुँदै चीवर प्राप्त गर्ने लोभले पनि कोही भिक्षुहरू वर्षावास बस्न थालेको देखी एउटा विहारमा एकजनालाई चीवर दान दिने पनि ब्यक्तिलाई होइन भिक्षु संघलाई (पाँच जवानको संख्या हुनुपर्छ) दिने नियम बनाइयो।

अनि संघले सबैको अनुमति लिई वर्षावास बस्ने भिक्षुलाई दिने निर्णय गर्छ। यसरी बुद्धले ब्यक्तिगत भन्दा सांघिक वा सामुहिक दानलाई बढी महत्त्व दिनुभएको देखिन्छ।

अर्को महत्त्वपूर्ण कुरो, वर्षावास अवधि सिद्धिने बेला सबै भिक्षुहरू उपोसथ गृहमा वा नदीमा जम्मा भएर पवारणा (परस्पर क्षमा याचना) गरी वर्षावास पूर्ण भएको जानकारी दिने चलन छ। क्षमायाचनाको मतलव, "यो वर्षावास तीन महिना भित्र मबाट शरीर र वचनबाट केही गल्ती गरेको देखेको भए क्षमा गरि दिनुहोस्।" कठिन शब्दको अर्थ त बलियो र महत्त्वपूर्ण हो। तर व्यवहारमा कठिनको अर्थ "गाऱ्हो" रहेछ। आश्विन पूर्णिमा देखि कार्तिक पूर्णिमासम्म एक वर्षको जम्मा १ महिना अवधिभर कठिन उत्सव हुनेगर्छ। कठिन उत्सव र वर्षावासको विषयमा भन्नुपर्ने जति कुरो त भनिसकें जस्तो लाग्छ। समय पनि धेरै गइसकेछ। लौ त आजलाई यति मात्र गरौं।"

प्रश्नकर्ता खुशी हुँदै भन्न थाल्यो - आजको महत्त्वपूर्ण कुरो सुनेर थाहा पाएँ बुद्धको शिक्षा र नियमहरू प्रजातन्त्रात्मक र व्यवहारिक रहेछ।

■

## धर्मकीर्ति पत्रिकाको लागि सहयोग

बुद्ध धर्म प्रचार प्रसार गर्ने पवित्र उद्देश्य लिई प्रकाशन गरिंदै आएको धर्मकीर्ति पत्रिकामा भैरहेको घाटालाई परिपूर्ति गर्ने उद्देश्यले धम्मवती गुरुमांले आर्थिक सहयोग स्वरूप रु. २००००/- (बीस हजार रुपियाँ) प्रदान गर्नु भएकोमा उहाँप्रति धर्मकीर्ति पत्रिका साधुवाद ब्यक्त गर्दछ।

धर्मकीर्ति पत्रिका अटुट रूपमा प्रकाशन गरिरहनका लागि यस पत्रिकाका सम्पूर्ण शुभेच्छुक एवं हितैषीहरूबाट सहयोगको अपेक्षा राख्दछ।

## त्रिशरण

✍ सम्यक् सम्बोधि प्राणपुत्र

बुद्धको शरण जाऔं धम्मको शरण जाऔं
संघको शरण जाऔं जाऔं हामी त्रिशरण

परम्परामा भर नपरी अनुसन्धान विश्लेषण गर्ने
विवेक परीश्रमले आर्जेको सत्यानुभूतिको शरण जाऔं
बुद्धको शरण जाऔं ... ...

नगर्ने सबै पापहरू गर्ने कुशलहरू सञ्चय
चित्त सुद्धै गर्दै लाने सत्याचरणको शरण जाऔं
धम्मको शरण जाऔं ... ...

कमजोरी अवगुण त्यागने योग्यता गुणमा सदा दृढ
पश्चाताप असफल नहुने सत्य प्रतिष्ठाको शरण जाऔं
संघको शरण जाऔं ... ...

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१

सम्पादकीय

# शुद्ध चेतना र कार्यान्वयन चाहियो

जन चेतनाको कमीले गर्दा परिवार नियोजन हुन सकेन, सफाई कार्य हुन सकेन आदि आदि भन्दै आज भोलीका अखवारहरूले चिच्याइरहेका हामी सुन्न र पढ्न पाउँछौं। बुद्ध शिक्षालाई राम्ररी अध्ययन गरेर हेर्ने हो भने यहाँ चेतना भन्दा पनि मानिसहरूमा शुद्ध चेतनाको कमी रहेको देखिन्छ। चेतना त छ धेरैजसोमा, तर व्यक्तिगत स्वार्थयुक्त अशुद्ध चेतना मात्र देखिन्छन्। यही कारणले गर्दा देश विकास कार्यहरूमा समेत थुप्रै बाधा अड्चनहरू आइपरेका छन्। मानिसहरूमा शुद्ध चेतना नभएसम्म काम थालनी गरेपनि त्यसको राम्रो कार्यान्वयन हुन सक्दैन। उदाहरणको लागि संयुक्त राष्ट्र संघले बुद्धको महत्वलाई कदर गर्दै बुद्ध जन्मभूमी लुम्बिनीको विकास योजनालाई प्रस्तुत गऱ्यो। तर अपशोच! श्री ५ को सरकारमा शुद्ध चेतना नभएकोले होला यस कार्यको कार्यान्वयनमा ढीला सुस्ती छाएको छ। यही शुद्ध चेतनाको कमीले गर्दा कपिलवस्तु, देवदह र रामग्रामको विकास कार्यमा समेत कम रूची देखिन्छ। बुद्धको जन्मभूमी र शुद्धोदनको राजधानी तिलौराकोट नेपालमा पर्दछ भनी खुव गर्व गर्दछन्, नेपालले। तर यही पवित्र स्थानको संवर्द्धन र संरक्षण कार्यको कार्यान्वयन तर्फ भने ध्यान दिएको देखिदैन नेपाल सरकारले। यो शुद्ध चेतना नभएको चिन्ह हो।

लुम्बिनीमा महामायादेवीको मन्दिर बनाउनका लागि एक जापानी संस्थामा चेतना जागेछ र कार्य थालनी गर्नका लागि मायादेवी मन्दिर भत्काइयो। मन्दिर भत्काई उत्खनन् कार्यहरूबाट अमूल्य वस्तुहरू हात लागिसकेपछि यसको जिर्णोद्धार कार्यको चेतना भने शून्य देखियो। यसलाई पनि श्री ५ को सरकारको कार्यान्वयन गर्ने क्षेत्रमा शुद्ध चेतना जागृत नभएको चिन्ह भन्न सकिन्छ।

यसरी नै अन्य क्षेत्रहरू जस्तै सफाई दिवस, बाल दिवस, महिला दिवस, अपाङ्ग दिवस, मानव अधिकार दिवस आदि आदि विभिन्न विषयहरूमा कार्य संचालन गर्नका लागि ठूलठूला होटलहरूमा विद्वत वर्गहरू भेला भई लाखौं खर्च ब्यहोरी सम्मेलन, गोष्ठी र छलफल कार्यक्रमहरू संचालन गरिन्छन्। उक्त छलफल, गोष्ठी र सम्मेलन गर्दा खानपिन र भत्ता पाउने हुन्छ। त्यसैले पनि होला यहाँसम्म चेतनाले कार्य गरिरहेको चिन्ह दखापर्छ। तर यस पछिको तहमा पुगेपछि भने कार्यान्वयन तर्फ शून्य हुनेछ। यसरी मानिसहरूमा चेतनाको कमी नभएपनि शुद्ध चेतनाको भने अवश्य कमी छ।

एउटा बुझ्न नसकेको कुरो, सूचना विभागले चुरोट, रक्सी र बियर आदि (स्वास्थ्यलाई प्रतिकूल असर पुऱ्याउने) पदार्थहरूको बिक्री वितरण बारे विज्ञापन गरी लगत्तै पछि स्वास्थ्य मन्त्रालयले यी पदार्थहरू स्वास्थ्यका लागि हानीकारक छ भन्दै प्रसार पनि गरिन्छ। यहाँनेर यी बेफाइदा हुने पदार्थहरू सर्वसाधारण जनताले उपभोग गर्न हौसला दिँदै विज्ञापन गर्ने संस्थाको शुद्ध चेतनाको कमी भन्ने हो वा आफ्नो स्वार्थ पूर्तिका लागि बुझ पचाउँदै देखाइएको अज्ञानता हो? तर गौतम बुद्धले भन्नुभएको छ, राम्रो कार्य गर्ने हो भने पहिला आफ्नो दृष्टि ठीक हुनुपर्छ र नियत राम्रो नभएको र शुद्ध चेतना नभएको कार्यको प्रतिफल पनि राम्रो हुँदैन।

हालै क्यानडाको टोरन्टो शहरमा अन्तर्राष्ट्रिय बुद्ध ज्योति संघको सातौं सम्मेलन सम्पन्न भएको थियो। त्यस सम्मेलनमा एक वर्षको बजेटले लक्ष्य अनुसार कति प्रतिशत कार्यहरू कार्यान्वयन भयो भन्ने विषयमा छलफल हुँदै केही प्रतिशत कार्य पूरा गर्न नसकिएको देखियो। अनि संघका संस्थापक माष्टर शिन युन महास्थविरले भन्नुभयो– राखिएका लक्ष्य सबै पूरा गरिनु पर्छ। यदि यसो गर्न सकिएन भने संघका सदस्यहरूको चेतना शुद्ध नभएको ठहरिने छ। उनीहरू बुद्धका सच्चा अनुयायी बन्न चाहने हो भने सबैले आ-आफ्ना कर्त्तव्य पालन गर्ने तर्फ लाग्नु पर्छ। सबैले आ-आफ्ना कमजोडी महशूस गर्नुपर्छ। सबैमा उत्साह, श्रद्धा र प्रज्ञायुक्त हुनु जरूरी छ। अनिमात्र चेतना शुद्ध हुनेछ। सबैले आ-आफ्ना उद्देश्य भुल्न हुँदैन। धर्मप्रचारकहरूको नियत राम्रो हुनु जरूरी छ भन्दै उहाँले बारम्बार निर्देशन दिइरहनु भयो।

विदेशी संस्थाहरूबाट प्राप्त चन्दा, बुद्धको ज्योति प्रचारार्थ विदेशहरूमा बनाइएका विहारहरूको लगत, स्कूल र क्याम्पसहरू (संस्थाबाट बनाइएका) को लगत आदि गरी कार्यान्वयन हुन सकेका प्रगति प्रतिवेदन केन्द्रिय अध्यक्षले पेश गरियो। फेरि विभिन्न देशका प्रतिनिधिहरूले आफूलाई प्राप्त बजेट अनुसार कार्यान्वयन भएका बुद्ध ज्योति प्रचार कार्यहरूका गतिविधिहरू प्रस्तुत गरियो। उनीहरूले पर्चा र पत्रिकाहरू छापेर प्रदर्शनी स्थलमा पदर्शन गरियो। तर अपशोच! नेपालको तर्फबाट भने कुनै प्रगति प्रतिवेदन प्रस्तुत गरिएको देखिएन। यस विषयमा प्रश्न उठ्न सक्छ, नेपालको तर्फबाट जिम्मा लिने निकायको चेतना नै नभएको हो वा शुद्ध चेतनाको कमी भएको हो?

तैपनि भारत, बंगलादेश र नेपालका प्रतिनिधिहरूलाई बुद्ध शिक्षा प्रचार गर्नका लागि २.२ हजार यु.एस.डलर प्रदान गर्ने प्रस्ताव पास गरेको थियो। यहाँ दाता संस्थाको शुद्ध चेतनाको लक्षण देखापरेको छ। हामी सबैले यस्तै शुद्ध चेतनाको लहर आ-आफ्नो मनमा ल्याउनका लागि अभ्यासरत बन्दै एकदिन सबैले आ-आफ्नो जीवनलाई र मंगलमय पार्न सकोस् भन्ने धर्मकीर्तिको धारणा रहेको छ।

मुद्रक : "न्यू नेपाल प्रेस" प्रधान कार्यालय : [illegible] काठमाडौं, नेपाल । फोन : ४३४८५०, ४३४७५३
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital